मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

सार्वजनिक सुनुवाइमा सहभागी हुने सूचना

वीरगंज महानगरपालिकाले सम्पादन गरेका कार्यमा तपाईंको केही जिज्ञासा छ ? महानगरबासीका लागि भइरहेको काममा केही अपुग छ ? सिर्जनशील भएर, सचेत रहेर, महानगरसँग रचनात्मक अपेक्षा गरेर केही भन्न चाहनुहुन्छ ? सार्वजनिक सुनुवाइमा सहभागी हुनुहोस् ।
**मितिः २०८२ असार १४ गते शनिबार**
**समयः बिहानः ८ बजे**
**स्थानः बिपिसी कलेजको नयाँ भवनको सभाहल, पानीटंकी**

सहजीकरणः
टिभी वीरगंज

वर्ष ३ | अंक २२५ | २०८२ साल असार १४ गते शनिबार | Saturday 28, June 2025 | सूर्योदयः बिहान ५:१३ बजे | सूर्यास्तः साँझ ७:०३ बजे | पृष्ठ ४+४ | मूल्य रु. ५/-

## भव्य भयो गहवामाई रथयात्रा



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशको धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदामध्ये एक गहवामाई मन्दिरको तेस्रो रथ यात्रा शुक्रबार भव्यरूपमा भएको छ । गहवामाई तीर्थ क्षेत्र विकास समितिद्वारा आयोजित रथयात्रामा लाखौँ श्रद्धालुको सहभागिता थियो ।
गहवामाई मन्दिर पुनर्निर्माणको १६औँ वार्षिकोत्सवमा गरिएको यो रथ यात्रा बिहान ८ बजे विशेष पूजासहित शुरु भई घण्टाघर, रेल्वे रोड, नगवा, छपकैयाको छठघाट चोक हुँदै बिर्ता, आदर्शनगर, महावीरस्थान र फेरि मन्दिरमा पुगेर समापन भएको थियो ।
सम्पन्न रथयात्रामा सहभागिताका लागि वीरगंज महानगरपालिकाले महानगरमा रहेका सबै विद्यालयमा सार्वजनिक बिदा दिएको थियो । यस्तै वीरगंज महानगर क्षेत्रमा शुक्रबार र शनिवार दुई दिन माछामासु र मदिरा बिक्री वितरण र सेवनमा महानगरपालिकाले रोक लगाएको छ । रथयात्रामा सहभागी वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले वीरगंजलाई धार्मिक पर्यटनको केन्द्र बनाउन वीरगंज महानगरपालिकाले थालेको अभियानलाई गहवामाई रथ यात्राको आयोजनाले टेवा पुर्याएको बताए ।
उनले वीरगंज महानगरपालिकाको सहयोग र समन्वयमा मन्दिर सञ्चालक समितिले तीन वर्षदेखि रथ यात्रा निकाल्ने अभियान जारी राखेको र यसले हरेक वर्ष निरन्तरता पाउने बताए । मन्दिरको वार्षिकोत्सवमा शुक्रबार साँझ गहवामाई मन्दिर प्राङ्गणमा भजनकीर्तन, महाआरती सहितको धार्मिक कार्यक्रम आयोजना गरिने योजना छ ।
यस्तै, शनिबार मन्दिर प्राङ्गणमै भण्डारा (प्रसाद वितरण) गरिने कार्यक्रम रहेको आयोजक समितिले जनाएको छ । समितिका अध्यक्ष श्यामकुमार पोखरेलका अनुसार रथयात्रामा पर्साका विभिन्न स्थानीय तह, बारा, रौतहट, सर्लाही, मकवानपुर, चितवन र काठमाडौँसम्मका श्रद्धालुको उल्लेखनीय सहभागिता थियो । त्यस्तै, भारतका रक्सौल, मोतिहारी, बेतिया, रामगढवा र अरेराजबाट समेत ठूलो संख्यामा भक्तजन आएका थिए ।

## नेपाली कांग्रेस र एमालेको पार्टी कार्यालयलाई १ करोड




**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आउने आर्थिक वर्षमा सत्तारुढ पार्टी कार्यालयको भवन निर्माणमा बजेट खन्याएको पाइएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले नेपाली कांग्रेस र नेकपा एमाले पार्टी कार्यालयको भवन निर्माणका लागि बजेट विनियोजन गरेको हो ।
चालु आर्थिक वर्षमा समेत पार्टी कार्यालयको भवन निर्माणमा दुवै पार्टीलाई बजेट विनियोजन भएको थियो भने आउने आर्थिक वर्षमा समेत बजेट विनियोजन गरिएको छ । बजेट पुस्तिका सार्वजनिक हुँदा भौतिक मन्त्रालयका मन्त्रीको स्वार्थमा कतिपय योजनाहरु राखिएको सार्वजनिक भएको छ । कतिपय योजना मन्त्रालयको क्षेत्राधिकारमा समेत नपर्ने हुँदा पनि राखिएपछि मन्त्रीको स्वार्थ र आफ्ना नजिकका व्यक्तिलाई दिन यस्तो प्रपञ्च रचिएको खुलेको छ । कैयौँ यस्ता योजना समावेश भएको पाइएको छ ।
मन्त्री सरोजकुमार यादवले आर्थिक वर्ष २०८२–८३ का लागि नेपाली कांग्रेस पार्टी कार्यालय भवन निर्माणमा ५० लाख रुपैयाँ र नेकपा एमाले पार्टी कार्यालय भवनलाई ५० लाख रुपैयाँ विनियोजन गरेका हुन् । चालु आर्थिक वर्षमा समेत दुवै पार्टी कार्यालय निर्माणका लागि मन्त्रालयले बजेट विनियोजन गरेको थियो ।
जसअनुसार दुवै पार्टीले आफ्ना कामसमेत गरेका छन् । चालु आर्थिक वर्षमा मिथिला भवन नाम दिएर शुरु भएको पार्टी कार्यालयको काम बीचमै रोकिएपछि भौतिक पूर्वाधार मन्त्रालयको ५० लाख रुपैयाँ छुट्याइएको हो । बजेट आएपछि धनुषाको जनकपुर उपमहानगरपालिका–४ स्थित अदालत रोडमा नकेपा एमाले पार्टी कार्यालयको भवन निर्माणको काम अघि बढेको थियो । मधेश प्रदेशका पार्टी कार्यालय निर्माणमा सरकारी रकम दुरुपयोग गरिएको यो पहिलो घटना भने होइन । यसअघि आर्थिक वर्ष २०७९–८० मा कांग्रेसबाट निर्वाचित भएर भौतिक पूर्वाधारमन्त्री बनेका रामसरोज यादवले पनि कांग्रेस कार्यालयमा भवन निर्माणका लागि बजेट विनियोजन गरेका थिए । त्यसअघि संविधान सभाको सदस्यसँग समेत राज्यकोषको दुरुपयोग भइरहेको छ । यसविषयमा कुनै पनि निकायले चासो देखाएको छैन । दलहरुबाट मन्त्री बन्न घुमारो परामा पार्टी कार्यालयको भवन निर्माणमा बजेट दिने परिपाटी धनुषामा पुरानै हो । पार्टी कार्यालयहरुमा खुलेयाम योजना ल्याएर भवन निर्माण गरिने काम संस्थागत हुँदै गएको छ ।
जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादवले यस्तो रवैया गलत रहेको बताउँदै यसले वित्तीय अनुशासनको समेत पालना हुन नसक्ने जिकिर गरे । त्यसैगरी लोकतान्त्रिक समाजवादी पार्टीका पूर्व प्रदेश सभा सदस्य एवम् पार्टीका महासचिव परमेश्वर साहले यसखालको बजेट विनियोजन खरीद ऐनविपरीत रहेको बताए । साहले यसखालको राज्यकोषको दुरुपयोग गलत भएको बताए ।



तर जसरी दलको पार्टी कार्यालयमा स्मृति भवनका नाममा बजेट राख्न लगाइएको थियो । ४० लाख रुपैयाँ विनियोजन गरेर पार्टी कार्यालय परिसरमै दुईतले भवन र सभाहल निर्माण गराउने योजना राखेर उनले काम शुरु गराएका थिए । भवन शिलान्याश कांग्रेस नेता बिमलेन्द्र निधि र मन्त्री यादवले संयुक्त रुपमा गरेका थिए ।
कांग्रेस संसदीय दलका नेतासमेत रहेका कृष्ण यादव भौतिक पूर्वाधार विकासमन्त्री बनेपछि पुनः २० लाख रुपैयाँ विनियोजन गरेको कांग्रेस धनुषाका उपसभापति गणेश झाले बताए ।
अधिवक्ता कोषराज काफले बजेटको मर्म नै सरकार र जनताले नबुझेको कारण यस्ता समस्या देखा परेको बताउँदै उनीहरु जनताको करबाट बजेट निर्माण हुन्छ र त्यसको प्रयोग कहाँ गर्ने जस्ता कुरा समेत महत्वपूर्ण हुने बताए ।

## राजतन्त्र आउने सम्भावना कहाँ छ ?

**मधेशदृष्टि**
**वीरगंज ।**
भारत, मध्य प्रदेशका क्याबिनेट मन्त्री रवि किरण साहूले नेपालमा राजतन्त्र आउने सम्भावना नरहेको बताएका छन् । शुक्रबार साँझ पत्रकारहरुसँग कुराकानी गर्दै उनले एकपटक अन्त्य भइसकेको राजतन्त्र फर्कने सम्भावना निकै कम हुने बताए । 'भारत नेपालमा हिन्दू र राजतन्त्र चाहिरहेको छ भनेर भारतीय सञ्चारमाध्यममा समाचार आउँछ, के बिजेपी यस्तै चाहन्छ ?,' पत्रकारहरुको प्रश्नमा साहूले भने, 'भारत आफ्नो छिमेकीको हित चाहन्छ, त्यो हित लोकतन्त्रमै सम्भव छ, यसैले राजतन्त्रका विषयमा केही सम्भावना देखिन्न ।' उनले आफू माता नर्वदाको १ सय ८ देशमा रथयात्रा लिएर हिँडिरहेको बताए । उनी गहवामाई रथयात्रामा प्रमुख अतिथिका रुपमा नेपाल आएका हुन् ।

## तेली समाजद्वारा सम्मान

वीरगंजमा तेली कल्याण समाजद्वारा रवि किरण साहूलाई स्वागत गरिएको छ । तेली कल्याण समाज, पर्सा–नेपालद्वारा उनलाई स्वागत गरिएको हो । मध्य प्रदेशबाट गहवामाई रथयात्रामा सहभागी हुन आएका तेली समाजका वरिष्ठ नेता तथा पूर्व प्रदेश अध्यक्ष साहूलाई सम्मानसहित स्वागत गरिएको हो ।
कार्यक्रमको अध्यक्षता तेली कल्याण समाज नेपालका राष्ट्रिय अध्यक्ष विश्वनाथ साहले गरेका थिए । स्वागत जिल्ला अध्यक्ष ध्रुव साहले गरेका थिए । समाजका तर्फबाट साहूलाई मायाको चिनो (सम्मान–स्मृति) प्रदानगरिएकोथियो । कार्यक्रममा रौतहटका सांसद किरण साह तेली, भारत, उत्तर प्रदेशबाट आएका ललन गुप्ता, समाजका वरिष्ठ अगुवा एव पूर्व बिधायक राजेश्वर साह तेलीलगायतको उपस्थिति थियो । कार्यक्रम सञ्चालन तथा सहजीकरण असर्फी साह तेलीले गरेका थिए ।
तेली समाज पर्साका सचिव वीरेन्द्र साह, उपाध्यक्ष श्रीलाल साह, ताराचन्द साह, पारस साहलगायतका समाजसेवी तथा वीरगंज क्षेत्रका दर्जनौँ तेली समुदायका प्रतिनिधि उपस्थित थिए । कार्यक्रममा भारत–नेपालको तेली समाजबीच भ्रातृत्व, एकता र सहयोगको सम्बन्ध कसरी सशक्त बनाउने भन्ने विषयमा पनि व्यापक छलफल भएको थियो । समाजको उत्थान, युवाको सहभागिता र सीमापार सामाजिक–सांस्कृतिक आदान–प्रदानलाई आगामी दिनमा बढाउँदै लैजानेबारे छलफल भएको थियो ।

## जनताका दुई हजार योजना बराबर बिचौलियाको एक योजना ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको जनतम पार्टीले मधेश प्रदेश सरकारको केही मन्त्रालयले बिचौलिया र मेडिकल माफियालाई योजना वितरण गरेको आरोप लगाएको छ । पार्टीले आफ्नो सामाजिक सञ्जालमा यस खालको योजनालाई प्राथमिकता दिएको टिप्पणी गरेको छ । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले मधेश प्रदेशको योजनाको पुस्तिका सार्वजनिक भएदेखि नै खुलेर विरोध गरिरहेका छन् ।



राउतले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै भनेका छन्, 'मधेश प्रदेशको सबभन्दा ठूलो योजना कुन हो ? बिचौलियाले राखेको ९७ करोड ६० लाख रुपैयाँ (झण्डै १ अर्ब रुपैयाँ), जसको न ग्राउन्डमा प्रभाव देखिन्छ, न कतै कार्यान्वयन ।' उनले आरोप लगाए कि यस्तो योजना त बस मिलिजुली बाँडेर खाने स्वार्थी समूहका लागि बनाइएको हो । डा. राउतले बजेटमा उल्लेख गरिएका १,९६७ वटा साना योजनाप्रति पनि गम्भीर प्रश्न उठाएका छन् । 'जनताले खोजेका २००० योजना, तर नाममात्रको ५–५ लाख छुट्याइएको छ,' उनले लेखेका छन्, 'बिचौलियाको एउटै योजना बराबर जनताका दुई हजार योजना ? राउतले बजेटमा 'मेडिकल माफिया'हरूका लागि छुट्याइएको रकमतर्फ संकेत गर्दै भने, '४–५ वटा शीर्षकमा झण्डै १ अर्ब रुपैयाँ बजेट मेडिकल माफियाका लागि छुट्याइएको छ ।' उनले यसलाई प्रदेश स्वास्थ्य प्रणालीमाथि कब्जाका रुपमा व्याख्या गरेका छन् ।

## एसईई नतिजा सार्वजनिक ६१.८१ प्रतिशतले पाए ग्रेड

**मधेशदृष्टि**
**काठमाडौं ।**
राष्ट्रिय परीक्षा बोर्डले शुक्रबार साँझ कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा सार्वजनिक गरेको छ । यस वर्षको नतिजा गत वर्षको तुलनामा उल्लेखनीय सुधार भएको बोर्डले जनाएको छ । बोर्डका अनुसार नियमित परीक्षामा सहभागी भएका ४ लाख ३८ हजार ८९६ मध्ये ६१.८१ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । गत वर्ष मात्र ४७.८६ प्रतिशत विद्यार्थी ग्रेडेड भएकोमा यसपटक १३.९५ प्रतिशतले सुधार देखिएको हो । उच्चतम ग्रेड (३.६ देखि ४.० जीपीए) ल्याउने विद्यार्थीको संख्या ४८ हजार १७७ रहेको छ । त्यसैगरी, ३.२–३.६ जीपीए ल्याउने ८१,३५५ जना, २.८–३.२ जीपीए ल्याउने ९९,१२४ जना, २.४–२.८ जीपीए ल्याउने ४८,४७९ जना, २.०–२.४ जीपीए ल्याउने ४,१२६ जना र १.६–२.० जीपीए ल्याउने ८ जना छन् । यसपटक १२६ जना परीक्षार्थीको परीक्षा रद्द गरिएको छ भने १ लाख ६७ हजार ५९७ जना विद्यार्थी अवर्गीकृत (नन–ग्रेडेड) भएका छन् । बोर्डले नन ग्रेडेड विद्यार्थीहरूलाई साउन २९ गतेदेखि मौका परीक्षा दिन पाउने व्यवस्था गरेको छ । एसईई परीक्षा यस वर्ष चैत ७ गतेदेखि सञ्चालन भएको थियो । परीक्षामा नियमिततर्फ ४ लाख ३१ हजार ४६६ र ग्रेड वृद्धितर्फ ६७ हजार ७१५ गरी कुल ४ लाख ९९ हजार १८३ विद्यार्थी सहभागी भएका थिए । गत वर्षको कमजोर नतिजापछि प्रधानमन्त्रीदेखि शिक्षा मन्त्रालयसम्मले सुधारको निर्देशन दिएका थिए । यसपटकको नतिजाले त्यो प्रयासले सकारात्मक असर पारेको शिक्षा विज्ञहरूको भनाइ छ ।

## भौतिक मन्त्रालयले पुस्तक प्रकाशन गर्ने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सरकारका योजनाहरु कतिको स्वार्थपूर्ण रहेको छ भन्ने प्रमाणको रुपमा मधेश प्रदेशको भौतिक पुर्वाधार विकासको योजनालाई हेर्न सकिन्छ । खास गरेर मधेश प्रदेश सरकारको यो मन्त्रालयले भौतिक पूर्वाधारको साटो स्वार्थगत रुपमा आफ्नो कार्यकर्तालाई योजना दिने उद्देश्यले पुस्तक प्रकाशनको समेत योजना राखेको छ । जनताको आवश्यकता र औचित्यविना पहुँचका आधारमा योजना वितरण हुने गरिएको आरोप मन्त्रीहरुमाथि लाग्दै आएको छ । उनीहरु पहिला नै योजना कसलाई दिने टुंगोसमेत लगाउने र सोहीअनुसार योजना राख्ने कार्यसमेत गराउँदै आएका छन् । मन्त्री र निजको व्यक्तिहरुको स्वार्थका आधारमा योजना राख्ने कार्य समेत हुँदै आएको छ ।



शासनको चर्को नारा दिएर सरकार निर्माण गरेको जनमत नेतृत्वको सरकारमा सबैभन्दा बढी बेथिति देखा परेको छ । विगतको सरकार भन्दा पनि मुख्यमन्त्री सतिश कुमार सिंह नेतृत्वको सरकारमा बढी बेथिति देखा परेको छ ।
भौतिक पूर्वाधार मन्त्रालयले मधेश प्रदेशको आठ वटै जिल्लामा विभिन्न कालखण्डमा प्रजातान्त्रिक आन्दोलनमा शहातद प्राप्त गरेका, विशेष योगदान पुर्याएका व्यक्ति तथा व्यक्तिवको अनुसन्धान गरी पुस्तक प्रकाशन कार्यका लागि ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । यसले समेत मन्त्रालयले बजेट बिनियोजनमा कतिसम्म विकृति रहेको छ भन्ने पुष्टि हुन्छ ।

# रामजानकी मार्गः धार्मिक पर्यटनको सेतु या राजनीतिक प्रतीकवाद ?

**मुरली मनोहर मिश्र**
**जनकपुरधाम ।**
हालै भारत सरकारले प्रस्ताव गरेको 'रामजानकी मार्ग' धार्मिक आस्थाको पुनर्जीवन हो कि राजनीतिक आकांक्षाको विस्तार ? नेपाल–भारतबीचको साझा सांस्कृतिक पूरातत्त्वमा आधारित यस परियोजनाले एकातर्फ धार्मिक पर्यटनको संभावना बोकेको देखिन्छ भने अर्कोतर्फ सामाजिक, भौगोलिक र कूटनीतिक विमर्शलाई समेत चुल्याएको छ ।

रामजानकी मार्ग उत्तर प्रदेशको मेहरौना घाटदेखि बिहारको सीतामढी भिट्ठा मोडसम्म निर्माण हुने भनिएको आधुनिक राजमार्ग हो । यसको लम्बाइ ३०० किलोमिटर र चौडाइ २५ मिटर रहनेछ । यो मार्ग रामायणकालीन स्थलहरूलाई जोड्ने उद्देश्यले अघि सारिएको भए पनि यसको सांस्कृतिक केन्द्र जनकपुरधामलाई औपचारिक रूपमा नजोडिएको देख्दा मिथिलावासी निराश छन् ।

राम र सीताको सम्बन्धले अयोध्या र जनकपुरधामलाई केवल धार्मिक नगर बनाएको छैन, यी दुईलाई भावनात्मक र सांस्कृतिक एकताको सूत्रमा बाँधेको छ । यथार्थमा, जनकपुरधामलाई छुटाएर बनाइएको 'रामजानकी मार्ग' अपूरो प्रतीत हुन्छ । भारतीय भूभागभित्र सीमित योजना जनकपुरधामलाई मात्र होइन, सम्पूर्ण नेपाली मिथिला क्षेत्रलाई उपेक्षा गर्ने खतरा बोकेको छ । जबकि जानकी अर्थात् सीताको वास्तविक जन्मभूमि जनकपुर नै हो । सीतामढी–जनकपुरबीचको सीधा सडक जडान विना मार्गको ऐतिहासिक र धार्मिक सार अधुरो रहन्छ । यसैगरी, मार्ग निर्माणका क्रममा भारतका सीमावर्ती जिल्लाहरू सीवान, सारण, शिवहर, चम्पारणमा हुने सम्भावित जग्गा अधिग्रहण, जनसंख्या विस्थापन, पर्यावरणीय प्रभाव आदिबारे ठोस योजना प्रस्तुत गरिएको छैन । रामजानकी मार्ग केवल एकतर्फी निर्णय बन्न पुगेको छ ।

यसमा प्रभावित बस्ती, स्थानीय जनप्रतिनिधि, नागरिक समाज तथा सांस्कृतिक अभियन्ताहरूको परामर्श नगरी निर्णय लिइएको छ । बिनासुनुवाइ अधिग्रहण, अपुग मुआब्जा तथा विस्थापनले स्थानीय जनताको आस्था र भरोसामै प्रश्न उठाएको छ । यदि रामजानकी मार्गलाई केवल दुई गन्तव्य जोड्ने सडकको रूपमा मात्र नलिएर एक समग्र सांस्कृतिक सर्किटको रूपमा परिकल्पना गरिएमा यसको गहिराइ फरक हुन सक्छ । रामायण सर्किट निर्माण गर्दा जनकपुर–अयोध्या–वाल्मिकी नगर–लुम्बिनी–रामेश्वरम–चित्रकूट जस्ता स्थलहरू समावेश गरी भारतीय उपमहाद्वीपभर फैलिएको धार्मिक आस्थालाई एउटै सम्पर्कमार्गमा समेट्न सकिन्छ । यसबाट धार्मिक पर्यटन त बृद्धि हुन्छ नै, नेपाल–भारतबीचको कूटनीतिक सम्बन्ध पनि सुदृढ बन्छ । रामजानकी मार्गको घोषणा धार्मिक भावनालाई लक्षित गरेर गरिएको देखिन्छ । भारतको उत्तर प्रदेश र बिहारमा चुनावी लाभ लिने उद्देश्यले धार्मिक प्रतीकहरूको प्रयोग राजनीतिक रूपले उपयोग गरिएको भान हुन्छ । तर, यदि मार्गको कार्यान्वयन पारदर्शी, समावेशी र जनसंवेदनशीलतापूर्वक गरियो भने यो मिथिला र अवधबीचको सम्बन्धलाई थप बलियो बनाउने सेतु सावित हुन सक्छ ।

# नगरसभा रोक्न दायर रिट अदालतबाट खारेज बजेट अधिवेशनको बाटो खुल्यो

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको वृन्दावन नगरपालिकाको आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट अधिवेशन रोक्न दायर गरिएको रिट उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले खारेज गरेको छ ।

उपप्रमुख संगीता देवी रामद्वारा दायर गरिएको रिटमा सुनुवाइ गर्दै अदालतले नगरसभा रोक्न नमिल्ने ठहर गरेको हो । न्यायाधीश गोकर्ण डाँगी र नेत्र आचार्यको संयुक्त इजलासले शुक्रबार निर्णय सुनाउँदै असार १३ सम्मका लागि जारी गरिएको अन्तरिम आदेशसमेत बदर गरेको हो । यससँगै वृन्दावन नगरपालिकाको नगरसभा सञ्चालनमा अब कुनै कानुनी अवरोध नरहेको नगर प्रमुख विनोद प्रसाद कुर्मीले जानकारी दिए । नगर प्रमुख कुर्मीले यसअघि नै असार १० गते नगर अधिवेशनको मिति तोकेर बजेट सार्वजनिक गर्ने तयारी गरेका थिए । तर, उपप्रमुख रामले अदालतमा रिट दायर गरेपछि नगरसभा रोकिएको थियो । अदालतको निर्णयपछि नगरपालिकाले असार मसान्तभित्रै नीति, कार्यक्रम तथा बजेट ल्याउने तयारी अघि बढाएको जनाएको छ । नगर प्रमुख कुर्मीले नगरलाई बन्धक बनाउन दायर गरिएको रिट खारेज गर्दै अदालतले न्यायको पक्षमा निर्णय गरेको भन्दै स्वागत गरे । नगरसभा अवरुद्ध हुँदा जनप्रतिनिधिबीचको आन्तरिक मतभेद बाहिर आएको थियो । अब अदालतको आदेशपछि नगरसभा पुनः मार्गमा फर्कने विश्वास गरिएको छ ।

# नेपाली कांग्रेसले सानेपामा १३ करोडमा जग्गा खरिद गर्ने

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसले सानेपास्थित पार्टी केन्द्रीय कार्यालय विस्तार गर्न १३ करोड रुपैयाँमा नयाँ जग्गा खरिद गर्ने निर्णय गरेको छ ।



पार्टीका मुख्य सचिव कृष्णप्रसाद पौडेलले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै पार्टी कार्यालयको अगाडि रहेको १९ आना क्षेत्रफलको जग्गा तथा सोही क्षेत्रमा बनेको तीनतले घर खरिदका लागि सम्झौता भएको जानकारी दिएका हुन् । विज्ञप्तिमा भनिएको छ, 'नेपाली कांग्रेस केन्द्रीय कार्यालय भवन रहेको सानेपा ललितपुरको कार्यालय परिसरलाई अझ फराकिलो र थप व्यवस्थित बनाउने उद्देश्यले कार्यालय अगाडि रहेको १ रोपनी ३ आना ३ पैसा क्षेत्रफलको जग्गा खरिद गर्ने निर्णय गरिएको छ ।' ललितपुर निवासी अमिरमान अमात्यको नाममा रहेको उक्त जग्गा कांग्रेसले १३ करोड रुपैयाँमा खरिद गर्ने निर्णय गरेको हो। पार्टीका महामन्त्रीद्वय गगनकुमार थापा, विश्वप्रकाश शर्मा तथा कोषाध्यक्ष उमेश श्रेष्ठको उपस्थितिमा जग्गा मालिकसँग असार ११ गते औपचारिक सम्झौता गरिएको हो । सम्झौताअनुसार ५० लाख रुपैयाँ बैना रकमको रूपमा बुझाइएको र एक वर्षभित्र आवश्यक कानुनी प्रक्रिया पुरा गरी पास गरिने उल्लेख गरिएको छ । नेपाली कांग्रेसको सानेपा कार्यालय पार्टीका बैठक, गतिविधि तथा संघ–प्रदेश तहका समन्वय कार्यमा प्रयोग हुँदै आएको छ । कार्यालयमा चाप बढेपछि थप भौतिक संरचना निर्माण आवश्यक देखिएको भन्दै पार्टीले कार्यालय क्षेत्र विस्तारको निर्णय लिएको हो ।

# नबिल बैंकद्वारा त्रिजुद्ध प्राविधिक विद्यालयलाई १० थान पंखा हस्तान्तरण

**मधेशदृष्टि**
**वीरगंज ।**
नबिल बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) कार्यक्रमअन्तर्गत वीरगंज महानगरपालिका–४ स्थित श्री त्रिजुद्ध महावीर प्रसाद रघुवीर राम प्राविधिक माध्यमिक विद्यालयलाई १० थान पंखा हस्तान्तरण गरेको छ । विद्यार्थीहरूका लागि स्वच्छ र प्रभावकारी शिक्षण वातावरण निर्माण गर्ने उद्देश्यले प्रदान गरिएका पंखाहरू नविल बैंकका मधेश प्रदेश प्रमुख सुलभ कुमार श्रेष्ठले विद्यालयका उप–प्रधानाध्यापक विनोद कुमार स्वर्णकारलाई एक औपचारिक कार्यक्रममा हस्तान्तरण गरेका छन् । विद्यालय प्रशासनले बैंकको सहयोगप्रति आभार व्यक्त गर्दै यसलाई सराहनीय कार्य ठहर गरेको छ । कार्यक्रममा वीरगंज महानगरपालिका–४ का वडाध्यक्ष जगत् साह कानु प्रमुख अतिथिका रूपमा उपस्थित थिए । नबिल बैंकका तर्फबाट सन्तोष साह, सञ्जीव पाण्डे र विशेष दैबग्यको पनि उपस्थिति रहेको थियो । सन् १९८४ मा स्थापना भएको नबिल बैंक नेपालको अग्रणी निजी क्षेत्रको वाणिज्य बैंक हो । देशभर २६८ शाखा, ३१७ एटीएम र २० हजार भन्दा बढी रेमिटेन्स एजेन्टमार्फत सेवा प्रदान गर्दै आएको बैंकले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण र वित्तीय पहुँच विस्तारमा विभिन्न सामाजिक कार्यहरू सञ्चालन गर्दै आएको छ ।

# स्वास्थ्य स्वयंसेविकालाई साइकल वितरण

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको गोलबजार नगरपालिका–१० वडा कार्यालयले स्थानीयस्तरमा स्वास्थ्य सेवा प्रवाहमा सहयोग गर्दै आएका स्वास्थ्य स्वयंसेविकालाई साइकल वितरण गरेको छ । वडा कार्यालयको आयोजनामा आयोजित कार्यक्रममा पाँच जना स्वास्थ्य स्वयंसेविकालाई एक÷एक थान साइकल प्रदान गरिएको हो । जिल्ला समन्वय समितिका उपसभापति दिलीप लामाले महिला स्वास्थ्य स्वयंसेविकाको योगदानको प्रशंसा गर्दै वडा कार्यालयले



गरेको पहल अनुकरणीय रहेको बताए । साइकल वितरणले आफूहरुमा कामप्रति अझ बढी उत्प्रेरित हुन सहयोग पुगेको महिला स्वास्थ्य स्वयंसेविकाहरुको भनाइ छ ।

# ट्याक्टरको ठक्करबाट बालिकाको मृत्यु

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका–२ पर्सा गाउँमा शुक्रबार बिहान ट्याक्टरको ठक्करबाट बालिकाको मृत्यु भएको छ ।

पर्सा गाउँदेखि उत्तर रहेको इँटाभट्टाबाट टुक्रा इँटा बोकेर दक्षिण आउँदै गरेको ना.अ.त ७१६ अस्थायी नम्बरको ट्याक्टरको ठक्करबाट स्थानीय रवीन्द्र साहकी छोरी करिब १२ वर्षीया प्रिया साहको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय महेशपुर पतारका प्रमुख प्रहरी निरीक्षक रविनराज मैनालीका अनुसार घटनालगत्तै प्रहरीले घटनास्थल मुचुल्का उठाएर शव परीक्षणका लागि लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पताल पठाइएको छ ।

# उपरथी दर्जामा बढुवा भएका केसीलाई दर्ज्यानी चिह्न प्रदान



**काठमाडौँ ।**
प्रधानसेनापति अशोकराज सिग्देलले उपरथी दर्जामा बढुवा भएका गौरवकुमार केसीलाई दर्ज्यानी चिह्न प्रदान गरेका छन् । सैनिक मुख्यालय जङ्गी अड्डामा आज आयोजित कार्यक्रमा यही असार ९ गते बढुवा भएका उपरथी केसीलाई दर्ज्यानी चिन्ह प्रदान गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।करिब एक वर्ष नेपाली सेनाको प्रवक्ताका रुपमा काम गरेका केसी केही समयअघि मात्र सरुवा भई त्यहाँ निमित्त पृतनापतिको जिम्मेवारीमा गएका थिए ।पदोन्नतिसँगै उपरथी केसी पूर्वी पृतनापतिको जिम्मेवारी दिइएको छ । रासस

गरम हावा/लू से बचे खातिर
यी बातसब ध्यान मे राखल जावो

जनहितमे जारी सन्देश



- पानी अधिक पियल जावो ।
- दिनके १२ बजेसे ४ बजेके कडा घाममे सकभर घरसे ना निकलकल जावो ।
- सबेरे आ सझिया ही खेतबारी मे काम करल जावो ।
- घाम के समयमे घरसे बाहर निकलेके परे त पतला सुती के कपडा से मुडी आ चेहरा तोपल जावो । गम्छा, टोपी आ छाता के प्रयोग करल जावो ।
- जुता के बदला खुल्ला चप्पल पहिरल जावो ।
- निम्बु पानी, नारियल पानी, छाछ, मट्ठा आ फलफूल जैसन पेय पदार्थ के सेवन करल जावो ।
- हल्का आ सुती के खुल्ला कपडा लगावल जावो ।
- गर्मी के समय मे बाजारके पैक करल खाना ना खाइल जावो ।
- ताजा फल, सलाद आ घरमे बनावल चिज ही खाइल जावो ।
- चक्कर, उल्टी, कपरबथी आ सास फेरे मे तकलिफ होखे त जल्दी से नजिक के अस्पताल वा स्वास्थ्य चौकी मे जचावल जावो ।
- बुढ-पुरनिया, बेमार आ दीर्घरोगी सबके विशेष खयाल कैल जावो ।

मुखियापट्टी मुसहरनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुलसीयाही जब्दी, धनुषा, मधेश प्रदेश

लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।



- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरीपरी पानी जम्न नदिऔं।
- घर तथा गोठवरीपरी सफा सुग्घर राखौं।
- गोठ तथा खोर घर भन्दा टाढा राखौं।

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पर्सा, मधेश प्रदेश नेपाल

# राजाजी डाँडाबाट सलहेस सर्किटसम्मः लहानको नयाँ पर्यटकीय सपना



सुदिप राउत



सिरहाको लहान नगरपालिका–१६ मा अवस्थित राजाजी डाँडा अब केवल एउटा धार्मिकस्थल मात्र होइन, एक ऐतिहासिक चेतनाको प्रतीक र पर्यटकीय सम्भावना बोकेको स्थलका रूपमा परिचित हुन थालेको छ । स्थानीयवासीको अपेक्षा, धार्मिक आस्था र नगरपालिकाको योजनाबीचको समन्वयले राजाजी डाँडा एकीकृत धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकास हुन थालेको हो ।

सयौँ वर्ष पुरानो इँटाको मन्दिर, इनार र खुला डाँडामा रहेको देव हाटजस्ता चिजले राजाजी डाँडाको धार्मिक र सांस्कृतिक महत्त्वलाई अझै बलियो बनाएको छ । जहाँ स्थानीय बासिन्दा पूजापाठ, भाकल, देवता पूजाजस्ता धार्मिक गतिविधिमा सहभागी हुन्छन् । स्थानीय जनविश्वासअनुसार सङ्कटका बेला यहाँको देवता राजाजी बाबालाई पुकार्दा कल्याण हुन्छ, चिताएको पूरा हुन्छ ।

लहान–१६ का वडाध्यक्ष गड्डुलबहादुर जर्घामगरका अनुसार पौराणिककालमा यस डाँडामा राजाको दरबार रहेको र यहीँबाट राजकाज सञ्चालन हुने गथ्र्यो भन्ने किम्वदन्ती रहेको मानिन्छ । अहिले जनविश्वासमा रहेका राजा सलहेस, वस्तुतः त्यही दरबारका प्रधानमन्त्री थिए । 'सलहेसका गुरु नै राजाजी थिए । जसको नाममा आज यो डाँडालाई चिनिन्छ । यही भाष्य नै जनमानसमा व्याप्त रहेको छ । यसलाई विश्वास पनि गरिन्छ र त्यसको विश्वासिलो आधार पनि भेटिन्छ,' वडाध्यक्ष जर्घामगर बताउँछन् ।

स्थानीय वृद्धहरूका कथनअनुसार यो डाँडामा पहिले इँटाका ठूलाठूला पर्खाल थिए, जुन सयौँ वर्ष पुराना हुन् । 'हामीले थाहा पाउँदासम्म हजुरबुबाको पालादेखि त्यस्तै थियो,' ७३ वर्षीय वडाध्यक्ष गर्जामगर सम्झन्छन् । उनका अनुसार कसले र कहिले निर्माण गर्यो भन्नेमा अझै स्पष्टता छैन, जसकारण यसलाई पौराणिककालदेखिको संरचना मानिन्छ । कुनै लिखित दस्तावेज नभए पनि उनीहरूको कथा, कर्मकाण्ड तथा पुस्तौँदेखि चलिआएको पूजा परम्पराले यसको पौराणिक पक्षलाई स्पष्ट पार्दछ ।

आज पनि ती पुराना इँटा यथावत छन्, तर संरक्षणको अभावमा अवस्था दिनप्रतिदिन जीर्ण हुँदै गएका छन् । यति पुरानो संरचना र वस्तुको अनुसन्धान पुरातत्व विभागले यथाशीघ्र प्रक्रिया अघि बढाउनुपर्ने वडाध्यक्ष गर्जामगरको मत छ । 'दुर्भाग्यवश, ऐतिहासिक महत्त्व हुँदाहुँदै पनि यस क्षेत्रको प्रचारप्रसार नहुँदा यो सम्पदा लामो समयसम्म ओझेलमा रह्यो । अहिले भने स्थानीय तहको पहलमा यस क्षेत्रको विकासले गति लिन थालेको छ । हालै २५ लाख रुपैयाँ लागतमा राजाजी डाँडामा गहवर मन्दिर निर्माण भइसकेको छ, जसले पर्यटकलाई थप आकर्षण गर्ने विश्वास लिइएको छ,' उनले भने ।

राजाजी डाँडाको संरचना, सलहेससँगको सम्बन्ध र यसको पुरातात्विक सम्भावनाले यसलाई केवल सिराहा जिल्लाको मात्र होइन, सम्पूर्ण तराईको सांस्कृतिक र ऐतिहासिक धरोहर बनाउने सम्भावना देखिएको छ । पहिले यहाँ पुग्नका लागि एक घण्टाभन्दा बढी पैदल उकालो चढ्नुपर्ने बाध्यता थियो । चुरे उकाली–ओराली पार गर्दै, श्रद्धालुहरू हरेक वर्ष असारमा असारी पूजा गर्न राजाजी डाँडा पुग्थे ।

यसबीचमा स्थानीयको विस्वास र आस्थालाई धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना देखिन थालेपछि पहिलोपटक २०७८ सालमा निवर्तमान नगरप्रमुख मुनि साहको नेतृत्वमा डाँडासम्मको ट्र्याक खोलिएको थियो । त्यसपछि चुरे फेदमा रहेको झिझरी खोला पार गरेर झण्डै पाँच किलोमिटर चुरेको उकालो हुँदै राजाजी डाँडासम्म मोटर पुग्न थालेको हो । जसले गर्दा स्थानीयलाई धार्मिक पूजापाठ गर्नलाई सहज बनाएको छ । स्थानीय देवेन्द्र यादव भन्छन्, 'डाँडासम्म जाने मोटरबाटो बन्छ भनेर कहिल्यै सोचेका थिएनौँ । अहिले ट्र्याक खुलेपछि अब बुबाआमासँगै सजिलै डाँडा पुगिन्छ । यस बाटोलाई अझ सुधार गरी व्यवस्थित गरे झन् सहज हुने थियो । आन्तरिक पर्यटनको पनि विकास हुने थियो ।'

लहानस्थित पूर्वपश्चिम राजमार्गबाट करिब १५ किलोमिटर उत्तर चुरे क्षेत्रको उच्च बिन्दुमा अवस्थित राजाजी डाँडाबाट सिरहा, सप्तरी र उदयपुरका विभिन्न भूभागका समथल फाँट र भूदृश्यहरूको मनोरम दृश्य देख्न सकिन्छ । यहाँबाट देखिने हरियाली, खेतबारी, गाउँबस्ती र फाँटहरूको समिश्रित दृश्यले जोकोहीलाई मोहित तुल्याउँछ । विशेषगरी गर्मीको समयमा उखरमाउलो तातोबाट राहत खोज्न मानिस यहाँ पुग्ने गर्छन् । सबैभन्दा नजिकको उच्च बिन्दु भएकाले राजाजी डाँडा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने देखिन्छ ।

यस अपूर्व सम्भावनालाई ध्यानमा राख्दै लहान नगरपालिकाले यसको पूर्वाधार विकासलाई प्राथमिकता दिएको छ । नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार चालु आर्थिक वर्षमा राजाजी डाँडामा २५ लाख रुपैयाँ लागतमा नयाँ गहवर मन्दिर निर्माण सम्पन्न भइसकेको छ भने आगामी आव २०८२–८३ मा झिंझरी खोलाबाट राजाजी डाँडासम्मको बाटोमा पैदल हिंडेर पुग्न चाहनेका लागि सिंढी निर्माण गर्न थप बजेटको व्यवस्था गरिने योजना बनाइएको छ । नगरप्रमुख चौधरी भन्छन्, 'राजाजी डाँडा आज आस्था, इतिहास र पर्यटनको त्रिवेणी बन्दै गएको छ । समयमै संरक्षण र प्रवद्र्धन गर्न सकिए यो स्थल मधेस प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य बन्नेमा कुनै शङ्का छैन । त्यसैले राजाजी डाँडालाई धार्मिक र पर्यटकीय हब बनाउने हाम्रो दीर्घकालीन योजना हो ।'

राजाजी डाँडा एक स्थान, अनेक सम्भावना बोकेको थलो बनेको छ । धार्मिक आस्था, ऐतिहासिक गौरव, सांस्कृतिक धरोहर र प्राकृतिक सौन्दर्यको अनुपम सङ्गम बनेको छ । यसलाई संरक्षण र प्रवद्र्धन गर्न सके भविष्यमा प्रदेशस्तरको प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्ने प्रबल सम्भावना बोकेको छ । यसै हप्ताको आइतबार उक्त राजाजी डाँडा पुगेर कुँदिएको शिलालेखको उद्घाटन गरी नेपाली झण्डा फर्पmराउँदै नगरप्रमुख चौधरीले भने, 'राजाजी डाँडालाई मात्र होइन, लहानको सलहेस फूलबारी, ब्रह्मनस्थान, मानिक दह, देवी दह, हात्ती दहसँग जोडेर सलहेस सर्किट निर्माण गर्ने हाम्रो गुरुयोजना छ ।'

यस योजनाअनुसार सलहेसले फूलबारीमा फूल टिप्ने, मानिक दहमा स्नान गर्ने, ब्रह्मानस्थानमा कुस्ती खेल्ने, पकडिया गढमा न्याय दिने र अन्न भण्डारण गर्ने तथा गर्मीको समयमा राजाजी डाँडामा शीतल हावा लिने कथालाई आधार बनाइन्छ । 'यी सबै धार्मिक कथन र स्थानलाई जोडेर लहानलाई पर्यटकीय नगर बनाउन सकिन्छ । त्यसकै लागि अब संरचनागत विकास सुरु गरिएको हो', नगरप्रमुख चौधरीले भने । चुरे क्षेत्रको डाँडामा विकासको पाइलासँगै प्राकृतिक सन्तुलन र सांस्कृतिक संरक्षणलाई ध्यानमा राख्नु आवश्यक छ ।

स्थानीय जनआस्था, मौलिक कथन, धार्मिक अभ्यास र पर्यटकीय सम्भावनाको सङ्गम रहेको यो क्षेत्रलाई सन्तुलित विकासमार्फत नेपालकै उदाहरणीय धार्मिक–पर्यटकीय गन्तव्य बनाउन सकिन्छ भन्ने विश्वास नगरपालिकाले लिएको छ । सलहेससँग जोडिएको पौराणिक कथा, पुराना संरचना र चुरे क्षेत्रको प्राकृतिक सौन्दर्यतालाई जोडेर यसलाई अद्बितीय बनाएको छ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकारले घोषणा गरेको बृहत् सलहेस पर्यटकीय क्षेत्रअन्तर्गतका सलहेस फूलबारी, पकडियागढ, देवीदह र ब्रह्माण फूलबारी सांस्कृतिक सम्पदाभित्र सूचीकृत गरिसकिएको छ । यी सम्पदाको संरक्षण र प्रवद्र्धनमार्फत यस क्षेत्रको सांस्कृतिक पुनर्जागरण, मौलिक संस्कृतिको यात्रा र स्थानीय पहिचानको पुनर्निर्माणको अवसर देखिएको छ ।

### सलहेस फूलबारी

प्रेमको प्रतीक भई नयाँ वर्षका दिन मात्र फुल्ने माला आकारका सुनाखरी फूल हेर्न र मन्दिरमा पूजापाठ गर्न ऐतिहासिक धार्मिक पर्यटकीय क्षेत्र सलहेस फूलबारीमा वैशाख १ गते भव्य मेला लाग्ने गर्दछ । लहान नगरपालिका वडा नं १२ र २२ मा पर्ने यस फूलबारीमा हरेक वर्ष वैशाख १ गते फुल्ने सुनाखरी फूललाई सलहेस बाबा र मालिनीको मिलनको प्रतीक मानिन्छ । पुराना किंवदन्तीअनुसार यो फूलबारी सलहेसको दरबार क्षेत्रभित्र पथ्र्यो । अहिले पनि यहाँ लाखौँ श्रद्धालु भेला हुने फूलबारी मेला लाग्छ, जसले यसलाई जीवित सांस्कृतिक सम्पदाका रूपमा चिनाउँछ ।

फूलबारी मेला तराईको मौलिक सांस्कृतिक सम्पदाको जीवित उदाहरण हो, जहाँ लाखौँ श्रद्धालु जम्मा हुन्छन् । यसको संरक्षण र प्रवद्र्धनले स्थानीय पहिचान र सांस्कृतिक गर्वलाई अझ बलियो बनाउन सक्नेछ । सलहेस तराईका पासवान जातिको इष्टदेव रहेको र चौधौँ शताब्दीका लोकनायक भएकाले सलहेसको पूजाअर्चना गर्नाले सन्तानप्राप्ति, चर्मरोग, कुष्ठरोगलगायत समस्या हरण हुने जनविश्वास पनि छ ।

### पकडियागढ

लहान नगरपालिका–१८ मा अवस्थित पकडियागढ ऐतिहासिक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्णस्थल हो, जुन सलहेस सर्किटअन्तर्गत पर्दछ । हरेक वर्ष वैशाख २ गते यहाँ लाग्ने मेलामा नेपालका विभिन्न भूभागसहित छिमेकी भारतबाट पनि हजारौँ दर्शनार्थी भेला हुने गर्छन् ।

जनश्रुतिअनुसार, यो स्थल प्राचीन समयमा राजा कुलेश्वरको दरबार रहेको थियो । राजाकी छोरी चन्द्रावती यही फूलबारीमा डुल्ने गरेको विश्वास गरिन्छ । मेलाको विशेष आकर्षण भनेको चोहरमलले खनेको भनिने सुरुङ, जसलाई हेर्न आउनेहरूको भीड लाग्ने गर्छ ।

पकडियागढ परिसरभित्र रहेको सार्वजनिक पोखरी संरक्षणको अभावमा विगतमा जीर्ण अवस्थामा पुगेको थियो । फोहर र संरचनात्मक बेवास्ताका कारण त्यहाँको आगमन घट्दो थियो । तर, पछिल्लो समय मधेस प्रदेश सरकारको सौन्दर्यकरण योजनाअन्तर्गत ४० लाख रुपैयाँको लागतमा पोखरीको पूर्व र दक्षिणतर्फ घाट निर्माण, बाउण्ड्री वाल, स्टेडियम लाइट र मन्दिर परिसरमा पिसीसी ढलानजस्ता संरचना निर्माण गरिएको छ । यसले गर्दा विवाह, व्रतबन्धजस्ता सामाजिककार्य सहज भएका छन् र साथसाथै पोखरीको संरक्षण र धार्मिक पर्यटन प्रवद्र्धनमा पनि टेवा पुगेको छ ।

### देवीदह

लहान नगरपालिका–१७ मा अवस्थित एक ऐतिहासिक, प्राकृतिक र धार्मिक दृष्टिले पूजनीय स्थान हो देवीदह । पूर्वपश्चिम राजमार्गबाट करिब छ किलोमिटर उत्तरमा रहेको यो दह सिराहा र सप्तरीलाई छुट्याउने बलान नदी किनारमा फेला पर्छ । स्थानीय जनश्रुतिअनुसार त्रेतायुगीन समयदेखि यहाँको पानीमा स्नान गर्दा रोगव्याधि हटेर जान्छ भन्ने विश्वास गरिन्छ । त्यस्तै, मनमा उत्पन्न हुने शङ्काले भरिएको घाउ निको हुने विश्वास व्यापक छ । तर, बजेट अभावमा पोखरीको संरक्षण, सवद्र्धन तथा वरिपरिका भौतिक संरचना जीर्ण बन्दै गएको छ । यस दहको धार्मिक तथा पर्यटकीय महत्वलाई पुनस्र्थापित गर्न सरकार र स्थानीय तहबाट बजेट र पहल आवश्यक छ ।

### मानिक दह

लहान नगरपालिका–२४ मा अवस्थित मानिक दह केवल प्राकृतिक जलासयमात्र होइन, सलहेस सर्किटअन्तर्गत पर्ने एक प्राचीन धार्मिक तीर्थस्थल हो । जुन विशेषतः सलहेससँग जोडिएको पौराणिक विश्वासका कारण स्थानीय जनजीवनमा गहिरो आस्था बोकेको छ ।

जानकारका अनुसार सलहेस बाबा यही दहमा स्नान गर्ने गर्दथे भन्ने धार्मिक विश्वास छ । यही कारणले हरेक वर्ष वैशाख १ गते यहाँ बृहत्तर मेला लाग्ने गर्छ, जहाँ सिरहा, सप्तरी, उदयपुरलगायत तराईका विभिन्न जिल्लाबाट हजारौँ श्रद्धालुको आगमन हुन्छ । मानिक दह करिब १७ बिघामा फैलिएको विशाल जलासय हो । चारैतिर हरियाली, मन्दिर र पवित्रताले भरिएको यो स्थलले धार्मिकमात्र होइन, प्राकृतिक सौन्दर्यको अनुभव पनि प्रदान गर्छ ।

दहको दक्षिणी भागमा डिहबारको मन्दिर, घाट निर्माण र डिल (किनारा) मर्मतका लागि हालसम्म ७० लाख रुपैयाँ भन्दा बढी नगरको बजेट खर्च भइसकेको छ । साथै पश्चिम भागमा सलहेस मन्दिर निर्माण गरिएको छ, जसले यस क्षेत्रको धार्मिक पहिचानलाई थप मजबुत बनाएको छ । यहाँको पानीमा स्नान गरेपछि रोगव्याधि हट्ने र भाकल गरेमा मनोकामना पूरा हुने जनविश्वासले मानिक दहलाई स्थानीय धार्मिक आस्थाको केन्द्र बनाएको छ ।

### राजदेवी मन्दिर

त्यसैगरी, नगरपालिकाको १५ नम्बर वडामा अवस्थित राजदेवी माताको मन्दिर भाकल पूरा गर्ने भगवती देवीस्थानको रूपमा परिचित छ। वैशाख पूर्णिमाका दिन बोकासहित चार प्रकारका पशुपन्छीको बलि दिइन्छ, जसमा १० हजारदेखि २० हजार बोकासम्म बलि दिने चलन छ । मन्दिरमा बली चढाए भाकल पूरा हुने जन विश्वास रहेको छ । स्थानीय र प्रदेश सरकारले सडक सुगम–बनाउने, धर्मशाला र पार्क निर्माण साथै मन्दिर परिसरको सौन्दर्यीकरणमा काम गरिरहेको छ ।

स्थानीय, प्रदेश तथा नेपाल सरकार र यस क्षेत्रमा क्रियाशील सरोकारवाला सङ्घसंस्थाले लहानको पर्यटकीय नगरी 'सलहेस सर्किट'को व्यवस्थापनका लागि एकीकृत गुरुयोजना बनाएर काम गर्नसके आन्तरिक एवम् बाह्य पर्यटकलाई आकर्षित गरी व्यापारिक तथा धार्मिक दृष्टिले समुचित लाभ लिन सकिने भएकाले यस क्षेत्रमा उचित ध्यान दिनुपर्ने मानवअधिकारकर्मी राजकुमार राउतको भनाइ छ ।

'एउटै नगरपालिकाभित्र यति धेरै ऐतिहासिक र पुरातात्विक स्थल हुनु नै लहानको धार्मिक पर्यटन सम्भावनाको प्रमाण हो,' राउतले भने, 'यदि लहान नगरपालिकाले यी सम्पदाको संरक्षण र समुचित विकास गर्न सके, यो नगरपालिका निकट भविष्यमा देशकै एक समृद्ध धार्मिक–पर्यटकीय गन्तव्य बन्नेछ ।'

वैभव मधेशदृष्टि
२०८२ साल असार १४ गते शनिबार
Saturday 28, June 2025

# नेताहरुको आचरण ठीक हुनुपर्‍योः

पछिल्लो ४० वर्ष यता सबैभन्दा गोल्डेन इरा भनेको २०४८ सालदेखि २०५१ सालसम्म थियो । यो समय गिरिजाप्रसाद कोइरालाको समय थियो । त्यति बेला सञ्चार तथा सूचना प्रविधि, सडक, हवाई क्षेत्र र चिकित्सा क्षेत्रमा धेरै विकास भएको छ । त्यो बेला लिएका कतिपय नीतिगत निर्णयका आधारमा अहिले प्रत्येक नागरिकको हातहातमा मोबाइल छ । यति धेरै हवाईजहाज उडेका छन् । मेडिकल कलेजको संख्या ह्वात्तै बढेको छ । यसको आधार निर्माण गर्ने काम गिरिजाप्रसादबाटै भएको हो । उनले मध्यावधि नगराएर पाँच वर्ष पूरा नेतृत्व गर्नुपथ्र्यो, त्यहाँ गल्ती भएको छ । त्यसकारण जनताको अवस्था परिवर्तन गर्न नेताको आचरण परिवर्तन भए पुग्छ । नेताको आचरण नै ठीक छैन भने जनताको अवस्था कसरी परिवर्तन हुन्छ ?

नेपाली कांग्रेसका पूर्वमहामन्त्री डा सशाङ्क कोइराला नवलपरासी पूर्व निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्छन् । नेपाली कांग्रेसका संस्थापक विश्वेश्वरप्रसाद कोइरालाका कान्छो छोराका रुपमा उनको जन्म विराटनगरमा भएको हो । बाल्य उमेरमा नै भारत निर्वासनमा रहेका प्रतिनिधिसभा सदस्य कोइराला पेसागत दक्षताका हिसाबले आँखा रोग विशेषज्ञ हुन् ।

विसं २०४६ र २०६३ मा जनआन्दोलनका क्रममा केही समय प्रहरी हिरासतमा रहेका नेता कोइरालाले चिकित्सक पेसाबाट बाहिरिएपछि महाधिवेशन प्रतिनिधि, महासमिति सदस्य, दुई पटक केन्द्रीय सदस्य हुँदै १३औँ महाधिवेशनमा पार्टीको महामन्त्रीको जिम्मेवारी सम्हाले । पूर्वमहामन्त्री कोइराला २०६४ साल र २०७० सालमा संविधानसभा सदस्य तथा २०७४ साल र २०७९ सालमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए । शालीन र सरल स्वभावको परिचय बनाएका नेता कोइराला पार्टीभित्र आफूलाई साझा व्यक्तित्वकारुपमा अघि बढाइरहेका छन् । प्रतिनिधिसभा सदस्य कोइरालासँग रासस समाचारदाता सुशील दर्नालले संसदीय अभ्यास, संविधान कार्यान्वयन र संशोधन, देशको आर्थिक विकासलगायत देशको समसामयिक विषयमा गरेको अन्तर्वार्ताको सम्पादित अंश ः

**माननीयज्यू, आजभोलि के मा व्यस्त हुन् ?**

अहिले संसद् चलिरहेको छ । सदनले अस्ति भर्खरै आर्थिक वर्ष २०८२–८३ को बजेट पास गरेको छ । त्यसअघि सरकारको आगामी वर्षको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिए । संसद्को गतिविधिसँगै पार्टीको काम पनि गरेको छु । बिहानैदेखि राजनीतिक भेटघाटमै व्यस्त छु । अब केही दिनमै पार्टीको केन्द्रीय समितिको बैठक छ । मुख्यगरी संसद् र पार्टीको काममै व्यस्त छु ।

**अहिलेको संसदीय अभ्यासलाई कसरी विश्लेषण गरेको छ ?**

प्रजातन्त्रमा सन्तुलन हुनुपर्छ । एउटा सत्ता पक्षीय पार्टी हुन्छ, अर्को प्रतिपक्ष । प्रतिपक्षी पार्टीले सतर्क गर्ने काम गर्छ । सत्ता पक्षीय पार्टीले प्रतिपक्षलाई प्रश्न गर्ने ठाउँ दिनुपर्छ । अहिले शक्तिशाली सरकार छ । हामीलाई एउटा डर छ, कि शक्तिशाली सरकार धेरै नै शक्तिशाली भयो भने विरोधको मतलब गर्दैन । प्रतिपक्षी पार्टीको प्रश्नलाई बेवास्ता गर्छ । त्यसैले सरकार सन्तुलित हिसाबले जानुपर्छ । प्रतिपक्षको पनि कुरा सुन्नुपर्छ । जायज माग पूरा गर्नुपर्छ । प्रतिपक्षलाई दबाउने, बोल्न नदिने, कुरा नसुन्ने गर्न हुँदैन । लोकतन्त्रको लागि यो राम्रो कुरा होइन । किनभने सरकारले प्रतिपक्षसँग समन्वय गर्नुपर्छ । कुनै पनि विषयमा निर्णय गर्दा प्रतिपक्षको पनि भावना अङ्कित हुनुपर्छ ।

**संविधान कार्यान्वयनको अवस्थालाई कसरी हेर्नुभएको छ ?**

हामीले राष्ट्रलाई विकेन्द्रीकरण गरेका छौँ । सात प्रदेश बनाएका छौँ । तर, शासन अहिले पनि केन्द्रीकृत नै छ । व्यवहारिक रुपमा विकेन्द्रीकरण गरेनौँ । प्रदेशलाई के चाहिन्छ भन्ने कुरा प्रदेशले नै निर्णय गर्न पाउनुपर्छ । सङ्घले त्यसमा हस्तक्षेप गर्नु भएन । प्रदेशको संरचना हेरेर के गर्दा उपयुक्त हुन्छ, त्यो अनुसार उसले नै आफ्नो योजना बनाउँछ । तर, यहाँ सङ्घबाट प्रदेशमाथि हस्तक्षेप गरिएको छ । यो राम्रो होइन । कि त हामी सङ्घीयतामा जान हुन्थेन । पहिलो कुरा, सङ्घीयतामा आर्थिक भार पर्‍यो भन्ने गरिएको छ । आर्थिक भार हामी आफैँले गराएका छौँ । विकेन्द्रीकृत गरेपछि उनीहरुलाई खर्च पनि दिनुपर्छ । सबै केन्द्रले गर्ने होइन । प्रदेशलाई थाहा छ, कहाँ–कहाँ खर्च गर्नुपर्छ । त्यो अधिकार पनि प्रदेशलाई नै दिनुपर्छ । दोस्रो कुरा, समानुपातिक प्रतिनिधित्व राम्रो हो । तर त्यो प्रतिनिधिसभामा होइन, राष्ट्रियसभामा हुनपर्ने हो । प्रतिनिधिसभामा निर्वाचित प्रतिनिधि मात्रै बस्नुपर्छ । मेरो दृष्टिकोणमा यो गलत भएको छ । तेस्रो कुरा, इन्टरनेशनल अफियर्स विपी कोइरालाले सुरु गरेको हो । उनले भारत र चीनसँग समदुरी राख्नुपर्छ भन्नुभएको थियो । यद्यपि, भौगोलिक दृष्टिकोणले निकटता भारतसँग छ । तर सन्तुलित सम्बन्ध राख्नुपर्छ ।

**संविधान संशोधनको विषयमा तपाईंको धारणा के छ ?**

हरेक दश वर्षमा संविधानको रिभ्यु हुनुपर्छ । तर, कुन विषयमा संशोधन गर्ने हो, त्यो विषयमा छलफल हुनुपर्‍यो । किन संशोधन गर्ने भन्ने विषयको आधार तय गर्नुपर्छ । केका लागि र किन परिवर्तन गर्ने ? कसैको मनमा लाग्यो अनि परिवर्तन गर्ने भन्ने हुँदैन । सन् १७८५ मा अमेरिकामा ५५ जनाले चार महिनामा लेखेको संविधान हो । आजसम्म त्यही संविधान छ । सन् १९८५ तिर एक चोटी मात्रै संशोधन भएको छ । सुरुमा केही संशोधन गरियो, तर झण्डै २०० वर्षदेखि त्यही संविधान लागू भएको छ । सन् १९८४ मा पारिश्रमिक वृद्धि गर्नुपर्छ भनेर संशोधन गरियो । त्यसपछि संशोधन भएको छैन । ती ५५ जना दूरदृष्टि भएका मानिस थिए । हामीले पनि त्यसरी काम गर्नुपर्‍यो । त्यसकारण हामी संशोधनभन्दा कार्यान्वयनमा जानुपर्‍यो । कार्यान्वयन भएकै छैन । अनि अहिले नै संशोधन गरिहाल्ने कुरा हुँदैन । विकेन्द्रिकरणलाई साच्चिकै विकेन्द्रीकरण गरौँ ।



**डा.शशांक कोइराला** सदस्य, प्रतिनिधि सभा

*हामीसँग माटो परीक्षण गर्ने औजार छैन । हामीले धेरै ठाउँमा धानको मात्रै खेती गरिरहेका छौँ । माटोको प्रकृतिको आधारमा फरक–फरक खेती गर्न सकिन्छ । कृषिमा वैज्ञानिक विधि अपनाउनुपर्छ । कृषिबाट सम्भावना छ । तर कृषिलाई आधुनिकीकरण गर्नुपर्छ । मैले धेरै पटक भनेको छु । बर्दियामा पाँच हजार मानिस बस्न मिल्ने कृषि विश्वविद्यालय बनाऔँ । तर त्यहाँबाट प्रमाणपत्र मात्र होइन, ज्ञानसहितको शिक्षा दिनुपर्छ । ट्याक्टर कसरी बनाउँछ, माटो मलिलो कसरी बनाउँछ भनी सिकाउँछ । रासायनिक मल होइन । त्यहाँबाट अर्गानिक मल उत्पादन गर्नुपर्छ । जनावरको गोबरबाट मल उत्पादन गर्नुपर्‍यो । गोबर भनेपछि गाईबस्तुपालनको कुरा आउँछ । त्यसको लागि गाईबस्तुपालनको व्यवस्था गर्नुपर्‍यो । बर्दियामा कृषि विश्वविद्यालय खोल्दा धेरैले रोजगारी पाउने सम्भावना हुन्छ ।*

**सङ्घीय संरचनालाई अझै सुदृढ बनाउन के गर्नुपर्छ ?**

संविधानमा भएको दुई–तीन वटा कुरा मात्रै परिवर्तन हुँदैन । त्यो भनेको अन्तरराष्ट्रिय नीति, सेना, मुद्रा र राष्ट्रिय झण्डामा परिर्तन हुँदैन । यदी अरु विषयमा संशोधनको आवश्यकता हो भने छलफल हुनुपर्‍यो । सङ्घले मुठी कस्ने होइन । लौ गर भनेर सातवटै प्रदेशलाई काम गर्ने वातावरण बनाउनुपर्छ ।

**देशमा सुशासनकाबारे उठेको प्रश्न सम्बोधन गर्न के गर्नुपर्छ ?**

सबैभन्दा पहिला मानिसलाई विवेकशील बनाउनुपर्छ । मेरो एक जना दाइ जापान जानुभएको थियो । उनले आफ्नो ब्याग जापानको एउटा कुनै सहरमा छोड्नुभयो । तर, एक हप्ता पछि जाँदा पनि त्यो ब्याग जहाँ छोडेको हो, त्यही ठाउँमा थियो । त्यहाँका मानिस विवेकशील छन् । उनीहरु यो मेरो ब्याग होइन भन्ने कुरामा सचेत छन् । हामीले त्यो किसिमको समाज निर्माण गर्नुपर्‍यो । यो कुरा शिक्षासँग पनि सम्बन्धीत छ । हामीले कस्तो किसिमको शिक्षा दिइरहेका छौँ । डाक्टर, इन्जिनियर, पाइलट र वकिल मात्रै बनाएर हुँदैन । उनीहरुलाई विवेकशील पनि बनाउनुपर्छ । डाक्टरले बिरामीलाई पूर्ण रुपमा निको पारेको दिन सन्तुष्ट हुनुपर्छ । मैले एक लाख जनाको आँखाको अप्रेशन गरेँ । मेरो सन्तुष्टि भनेको मेरो बिरामीले आँखा देखेको दिन हुन्छ । मेरा लागि पैसाभन्दा पनि बिरामी निको हुनु सन्तुष्टि हो । हामी पैसाको मात्रै कुरा गर्ने हो भने नैतिक रुपमा पतन हुन्छौँ । मानिस भ्रष्ट भएर जान्छ । अहिले भ्रष्टाचारको विषय पनि आइरहेको छ । भ्रष्टाचार नैतिक पतन हो । भ्रष्टाचार विवेक नभएको मानिसले मात्रै गर्छ । त्यसकारण सुशासनका लागि मानिसमा विवेक हुनुपर्छ । यही मानिसमा नैतिकता र विवेक हुने हो भने सुशासन यतिकै कायम हुन्छ ।

**देशको राजनीतिक व्यवस्थामाथि भइरहेको टीका–टिप्पणीप्रति तपाईंको भनाइ के छ ?**

राजालाई विपीले धेरै मान्नु हुन्थ्यो । आठ वर्ष जेल बस्नुभयो । त्यहीँ पनि राजालाई मान्नुभयो । गिरिजाप्रसाद कोइरालाले पनि राजा मान्नुभयो । उनले बेवी किङको कुरा पनि ल्याउनुभयो । पछि तत्कालिन राजा ज्ञानेन्द्र शाहले सबै हड्पिसकेपछि राजाको ठाउँ रहेन । यस्तो अवस्थामा राजा कसरी ल्याउने ? कि त राजपरिवारभन्दा बाहिरबाट ल्याउनु पर्‍यो । त्यो पनि सम्भव छैन । राजा नै ठीक छैन भने हामीलाई किन राजा चाहियो ? यो सम्भव छैन ।

**राजनीतिक दलका नेता तथा कार्यकर्ताप्रति अहिले जनतामा देखिएको असन्तुष्टिलाई कसरी सम्बोधन गर्न सकिन्छ ?**

देशमा अहिले हामीले आत्मसात् गरेको शासन व्यवस्था नराम्रो होइन । मेरो विचारमा कार्यान्वयन तहमा रहेका व्यक्ति ठीक भएनन् । कुनै पनि व्यवस्था आफैमा वेठीक हुँदैन । व्यवस्थामाथि शासन गर्ने व्यक्तिले व्यवस्थालाई असफल बनाउने हो । प्रणाली (सिस्टम) मा त्रुटी छैन । नेपालका लागि सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था नै उत्तम हो । आजसम्म योभन्दा उत्तम अर्को व्यवस्था हुनै सक्दैन । त्यसकारण हामीले व्यवस्थालाई प्रश्न गर्ने होइन । गलत ढङ्गले व्यवस्था सञ्चालन गर्ने व्यक्तिलाई प्रश्न गरौँ ।

**शासन व्यवस्था परिवर्तन हुँदैगर्दा जनताको अवस्थालाई कसरी विश्लेषण गरेको छ ?**

मेरो विचारमा पछिल्लो ४० वर्ष यता सबैभन्दा गोल्डेन इरा भनेको २०४८ सालदेखि २०५१ सालसम्म थियो । यो समय गिरिजाप्रसाद कोइरालाको समय थियो । त्यति बेला सञ्चार तथा सूचना प्रविधि, सडक, हवाई क्षेत्र र चिकित्सा क्षेत्रमा धेरै विकास भएको छ । त्यो बेला लिएका कतिपय नीतिगत निर्णयका आधारमा अहिले प्रत्येक नागरिकको हातहातमा मोबाइल छ । यति धेरै हवाईजहाज उडेका छन् । मेडिकल कलेजको संख्या ह्वात्तै बढेको छ । यसको आधार निर्माण गर्ने काम गिरिजाप्रसादबाटै भएको हो । उनले मध्यावधि नगराएर पाँच वर्ष पूरा नेतृत्व गर्नुपथ्र्यो, त्यहाँ गल्ती भएको छ । त्यसकारण जनताको अवस्था परिवर्तन गर्न नेताको आचरण परिवर्तन भए पुग्छ । नेताको आचरण नै ठीक छैन भने जनताको अवस्था कसरी परिवर्तन हुन्छ ? नेताहरु नै भ्रष्ट भए भने के हुन्छ ? अनि व्यवस्थालाई दोष दिएर हुन्छ ?

**नेताहरुको भ्रष्टाचारको विषय पनि आइरहकेको छ, यो बारेमा के भन्छन् ?**

भ्रष्टाचार पूर्णरुपमा निर्मूल गर्न सकिन्न । भ्रष्टाचार शून्य गर्न सम्भव पनि हुँदैन । तर, न्यूनीकरण भने गर्न सकिन्छ । विश्वका सम्पन्न र सुशासनमा उदाहरण प्रस्तुत गरेका मुलुकमा पनि भ्रष्टाचार हुन्छ नै । मैले भ्रष्टाचारको विषय संसद्मा पनि बालेको थिए । तपाईं अहिले सय रुपैयाँ घुस खानुहुन्छ भने अब एक रुपैयाँ मात्रै खानुस् भनेको थिए । अरु देशमा घुस खाए पनि अत्यन्त कम खान्छन । तर यहाँ जति पनि खाइदिने संस्कार छ । भ्रष्टाचार न्यूनीकरण गर्न कानुनको कार्यान्वयन तथा नेता इमान्दार र पारदर्शी हुनुपर्छ ।

**देशलाई आर्थिक रुपमा सम्पन्न बनाउन के गर्नुपर्ला ?**

सबैभन्दा पहिला नेपाललाई समृद्ध बनाउन हामीसँग के–के छ, त्यसको पहिचान गर्नुपर्‍यो । देशलाई आर्थिक रुपमा बलियो बनाउने भनेको पहिलो कृषि हो । नेपालमा १७ लाख हेक्टर खेतियोग्य जमिन छ । त्यसले तीन करोड होइन, ३० करोड जनतालाई खान पुग्छ । हामीसँग कृषि योग्य माटो छ । हामीले कृषकलाई कहिले पनि प्राथमिकतामा राखेनौँ । कृषिमा बजेट पहिले चार प्रतिशत रहेकामा अहिले २० प्रतिशत भएको छ । अर्को ऊर्जा हो जसमा काम भइरहेको छ । हामीसँग पानी छ । पानीबाट बिजुली निकालेर संसारलाई बेच्न सक्छौँ । हामी पर्यटनको हिसावले पनि धनी छौँ । बलिउड फिल्म सुटिङका लागि स्वीजरल्याण्ड जान्छन् तर नेपाल पनि प्राकृतिक रुपमा त्यो भन्दा कम छैन । त्यसका लागि गुणस्तरीय सेवा सुविधा छैन । किनभने त्यहाँ पैसा खर्च गर्ने ठाउँहरु छन् । तर यहाँ छैन । देशलाई आर्थिक रुपमा बलियो बनाउने हो भने यी क्षेत्रलाई थप व्यवस्थित र विकास गर्नुपर्छ ।

**नेपालको कृषि क्षेत्रको विकासको लागि के गर्न सकिन्छ ?**

माटोको गुणस्तरको आधारमा खेती गरिने भए पनि हामीसँग माटो परीक्षण गर्ने औजार छैन । हामीले धेरै ठाउँमा धानको मात्रै खेती गरिरहेका छौँ । माटोको प्रकृतिको आधारमा फरक–फरक खेती गर्न सकिन्छ । कृषिमा वैज्ञानिक विधि अपनाउनुपर्छ । कृषिबाट सम्भावना छ । तर कृषिलाई आधुनिकीकरण गर्नुपर्छ । मैले धेरै पटक भनेको छु । बर्दियामा पाँच हजार मानिस बस्न मिल्ने कृषि विश्वविद्यालय बनाऔँ । तर त्यहाँबाट प्रमाणपत्र मात्र होइन, ज्ञानसहितको शिक्षा दिनुपर्छ । ट्याक्टर कसरी बनाउँछ, माटो मलिलो कसरी बनाउँछ भनी सिकाउँछ । रासायनिक मल होइन । त्यहाँबाट अर्गानिक मल उत्पादन गर्नुपर्छ । जनावरको गोबरबाट मल उत्पादन गर्नुपर्‍यो । गोबर भनेपछि गाईबस्तुपालनको कुरा आउँछ । त्यसको लागि गाईबस्तुपालनको व्यवस्था गर्नुपर्‍यो । बर्दियामा कृषि विश्वविद्यालय खोल्दा धेरैले रोजगारी पाउने सम्भावना हुन्छ । संसारले आधुनिक कृषिलाई अगाडि बढाएको छ । तर हाम्रोमा अहिले पनि परम्परागत कृषि प्रणाली छ । यसलाई परिवर्तन गर्नुपर्छ । हाम्रो सोच र कार्यशैलीमा परिवर्तन आउनुपर्‍यो । अनि मात्रै प्रतिफल राम्रो आउँछ ।

**जनतालाई तपाईंको सन्देश के छ ?**

हाम्रो भविष्य अत्यन्त राम्रो छ । हाम्रो देश सम्भावना भएको देश हो । विदेश गएर ४० डिग्रिको तापक्रममा काम गरेकोभन्दा त्यतिनै मेहनतमा नेपालमै धेरै कमाउन सकिन्छ । अब जनताको अवस्थामा परिवर्तन हुँदैछ । तर, त्यसका लागि जनताले सही नेतृत्व छान्नुपर्‍यो ।

# ब्राण्ड बनेको गुल्मीको 'थोर्गेली गुड'



हेमन्त जोशी

गुल्मीको रूरू क्षेत्र गाउँपालिका–३ स्थित थोर्गामा उत्पादन हुने 'थोर्गेली गुड' अहिले एक 'ब्राण्ड'का रूपमा स्थापित भएको छ। डेढ सय वर्षदेखि उखुखेती हुँदै आएको यस क्षेत्रमा पछिल्लो समय गाउँपालिकाको पहल र विभिन्न संस्थाको सहयोगमा उखु प्रशोधन केन्द्र स्थापना भएपछि 'थोर्गेली गुड' ले बजारमा छुट्टै पहिचान बनाउन सफल भएको हो।

रूरू बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमार्फत सञ्चालनमा रहेको गुड प्रशोधन केन्द्रले २०८१ सालको



माघ २० गतेदेखि नियमित उत्पादन थालेको थियो। सहकारीका अध्यक्ष भेषराज ज्ञवालीका अनुसार हालसम्म उद्योगले करिब २४ लाख ६० हजार रुपैयाँ बराबरको नौ हजार ७०० किलोभन्दा बढी गुड बेचिसकेको छ। त्यस्तै, रु १० लाख ९५ हजारभन्दा बढीको पाँच हजार ४ सय ७२ लिटर खुदो र रु पाँच हजार दुई सय बराबरको १५ किलो चकलेट बेचिसकेको छ।

विगतमा परम्परागत प्रविधिबाट गुड बनाउने र त्यसको प्रयोग पनि स्थानीय रुपमै हुने भएकाले थोरै संख्यामा किसानले सीमित जमिनमा उखुखेती गर्ने गरेका थिए। तर अहिले आधुनिक मेसिनसहितको उद्योग स्थापना भएपछि उखु किसान हौसिएका छन्।

'खुदो उद्योग स्थापना भएपछि उखु किसानको संख्या पनि बढ्दै गएको छ। अहिले वडा नं ३ र ४ मा मात्र उखुखेती गर्ने कूल किसान संख्या करिब ४ सय हाराहारी छ भने १ सय हाराहारी किसानले सहकारीलाई उखु बिक्री गरिरहेका छन्,' सहकारी अध्यक्ष ज्ञवालीले भने, 'रूरू क्षेत्रमा अहिले तीन हजार २ सय रोपनी क्षेत्रफल जमिनमा उखुखेती भइरहेको छ। जबकि, २०७४ सालअघिसम्म त्यहाँ करिब आठ सय रोपनी हाराहारीमा मात्रै उखुखेती गरिन्थ्यो।'

सहकारीका अनुसार गत माघयता ३१ लाख रुपैयाँ बराबरको उखु खरिद भइसकेको छ। बारीमै प्रतिकिलो १२ रुपैयाँमा खरिद गरिएको उखु प्रशोधन गरी अहिले २ सय ६० रुपैयाँ प्रतिकिलो दरमा गुड बिक्री हुँदै आएको छ। उद्योगले स्थानीयलाई रोजगारी पनि दिएको छ। त्यहाँ हाल आठ जना कर्मचारी मासिक तलबमा कार्यरत छन्। अहिले पनि उद्योगसँग ५० देखि ५५ हजार लिटर खुदो मौज्दात छ। स्थानीय रिडी बजारसहित केही स्थानमा बिक्री प्रबन्धक राखिएका छन्।

गाउँपालिकाको अनुदान सहयोग र हेफर इन्टरनेसनल नेपाललगायतका संस्थाको सहकार्यमा स्थापना गरिएको यो उद्योगमा भारतको गुजरातबाट आधुनिक क्रसर मेसिन, भट्टी र केही संख्यामा जनशक्तिसमेत ल्याइएको थियो। उद्योगको संरचना निर्माण तथा मेसिन जडानका लागि भारतबाटै मान्छे झिकाइएका थिए।

उद्योगका व्यवस्थापक प्रकाश थापाका अनुसार दार्सिङबासस्थित जनप्रिय प्रावि विद्यार्थी संख्या कम भएपछि उनीहरुलाई अर्को विद्यालयमा सारेर त्यसैको भौतिक संरचना प्रयोग गरी उद्योग स्थापना गरियो। अहिले स्थानीय कामदारबाटै उद्योगका काम भइरहेका छन् भने व्यावसायिक उत्पादन पनि निरन्तर छ।

'क्रसिङ क्षमतामा कुनै समस्या छैन, खुदो पकाउने क्षमता बढेको छ। प्याकेजिङ र बजारको कुनै समस्या छैन,' थापा भन्छन्। उद्योगले चकलेट उत्पादनका लागि पनि 'फ्रेम' (खुदोलाई चकलेटको आकार दिने भाँडो) पनि ल्याइसकेको छ। विस्तारै चकलेट उत्पादनलाई पनि बढाउने योजना रहेको थापाले बताए।

उखु प्रशोधन केन्द्र निर्माण तथा व्यवस्थापनका लागि गाउँपालिकाले चालु आथिक वर्षमा २० लाख रुपैयाँ अनुदान दिएको छ। त्यस्तै उखु प्रवद्र्धन कार्यक्रमका लागि कृषि ज्ञान केन्द्रबाट तीन लाख रुपैयाँ अनुदान र हेफर इन्टरनेसनल नेपालले उद्योगका लागि चाहिने मेसिनरी तथा प्राविधिक पाटोमा सहयोग गऱ्यो। गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीका अनुसार गुड उत्पादनसँगै उखुखेतीलाई पनि गाउँपालिकाले प्राथमिकता दिएको छ। उखुको बीउ वितरण, जैविक मल उत्पादन, कीटनाशक व्यवस्थापनलगायत कार्यक्रमलाई अनुदानमा सञ्चालन गर्ने योजनामा गाउँपालिका जुटेको उनको भनाइ छ।

'उखु नगदेबाली हो, पहिले धेरै जसो जमिन बाँझो र छिटपुट मकैखेती हुन्थ्यो। अहिले उखु उत्पादन हुँदैछ। यो आन्तरिक उत्पादनलाई उद्यमसँग जोड्ने र युवा पलायन रोक्ने पालिकाको प्रयास पनि हो, अध्यक्ष ज्ञवालीले भने, 'गुणस्तरीय उत्पादन भएको कारण उपभोक्ताले मूल्यभन्दा पनि यसको उपयोगिता हेर्छन्। बजारको कुनै समस्या छैन। गुडलाई चकलेट बनाउनेसम्मको योजना छ।'

मिसावटरहित स्थानीय उत्पादन र अर्गानिक गुण भएको भन्दै 'थोर्गेली गुड' को माग बढ्दो छ। अध्यक्ष ज्ञवालीका अनुसार केही उच्चपदस्थ व्यक्तिहरु थोर्गेली गुडका नियमित ग्राहक बनेका छन्। 'यहाँ उत्पादित गुड राम्रा लागेर नेपाली कांग्रेसका नेता शेखर कोइरालाले पछिल्लोपटक १० किलो मगाउनुभयो, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको नातिनीको बिहेमा कसार बनाउनका लागि पनि यही उद्योगको खुदो प्रयोग गरिएको थियो। पूर्वमुख्यसचिव लीलामणि पौडेल, सचिव माहादेव पन्थ लगायतले उनको गुड खुदो नियमित प्रयोग गर्छन्,' अध्यक्ष ज्ञवालीले भने।

उखु प्रवद्र्धन कार्यक्रम आगामी आवको बजेटमा पनि राख्ने योजना रहेको उनले बताए। बीउ तथा जैविक मलमा अनुदान दिने, ठूलो परिमाणमा उखु उत्पादन गर्ने किसानलाई पुरस्कृत गर्नेजस्ता कार्यक्रम थप परिस्कृत रुपमा ल्याएर यसलाई पालिकाको गौरवको आयोजना बनाउने लक्ष्य पालिकाका रहेको उनको भनाइ छ।

थोर्गेली गुड खुदो उद्योगले उद्योग विभागबाट आफ्नो छुट्टै 'ट्रेडमार्क' र 'लोगो' पाएको छ। जसले थोर्गेली गुडलाई विशिष्ट ब्रान्ड बनाउँदै लगेको छ। उत्पादित वस्तु बेच्नका लागि बजारको समस्या छैन। यद्यपि उखुखेती बढाउने र बढीभन्दा बढी गुड खुदो उत्पादन गर्नका लागि स्थानीय प्रयासमात्र पर्याप्त नहुने कृषकको बुझाइ छ। प्रदेश सरकारले विगतमा बीउमा केही अनुदान दिएको भए पनि सङ्घ सरकारको सहयोग भने खासै नपाएको स्थानीयको गुनासो छ।

'अहिले गाउँमै रोजगारीको सम्भावना देखिएको छ, युवालाई विदेश जानुपर्ने बाध्यता केही हदसम्म घट्ने आशा पलाएको छ,' वडा नं १ का कृषक विष्णु न्यौपानेले भने, 'खुदो उद्योग स्थापना भएपछि मैले पनि चार रोपनी जग्गामा उखुखेती थालेको छु, सरकारबाट सहयोग हुने हो भने अझ बढी व्यावसायिक भएर जान सकिन्थ्यो भन्ने लाग्छ।'

# फेरिएको लोपोन्मुख वनकरियाको जीवनशैली



अञ्जली थापा

मकवानपुरको मनहरी गाउँपालिकामा बसोबास गर्ने अतिलोपोन्मुख वनकरिया केराको पातको छानाबाट जस्तापाताको छाना हुँदै



अहिले विस्तारै पक्की घरमुनि बास बन्न थालेका छन्। शिक्षा, महिला सशक्तीकरण र उद्यम विकासले २० वर्ष अगाडिसम्म कन्दमूलका भरमा फिरन्ते जीवन बिताइरहेको वनकरियाको जीवनशैली र बसोबासमा परिवर्तन ल्याएको हो।

घरवरपर पाइने कच्चा पदार्थ एवम् जडीबुटीको प्रयोगबाट उद्यमी बनेकी ४० वर्षीया सुन्तली वनकरियाको हाल एकतले पक्की घर छ। उनका दुई छोरा विद्यालय जान्छन् भने उन पनि दिनभर साबुन बनाउनमा व्यस्त हुनुहन्छ।

प्राकृतिक स्रोत महिला अधिकार समूह मनहरी–४ की अध्यक्षसमेत रहेकी उनलाई उद्यमी बन्न ग्रिन फाउन्डेसन नेपाल नामक संस्थाले सिकाएको बताउँछिन्।

उनी भन्छन्, 'पहिला बोल्नसमेत डर लाग्थ्यो, आजकल आफ्नो उत्पादनको विज्ञापन गर्न सक्ने भएकी छु,' उनी थप भन्छिन्, 'साबुन बनाउने तालिममात्र होइन कतिमा उत्पादन गर्ने, अनि कतिमा बिक्री गर्ने र कसरी प्रचार गर्नेसमेत तालिम दिएकाले सक्षम भएकी हुँ।' उनको समूहमा २१ जनाले साबुन उत्पादन गरिरहेका छन्। आम्दानीसँगै जीवनशैली परिवर्तन भएको बताउँदै उन अहिले वनको कन्दमूल रहरले खाने गरेको बताउँछिन्।

त्यसैगरी ७० वर्षीय हस्तबहादुर वनकरिया हाल खेतीबाट छ महिना खान पाउने र बाँकी समय अन्य कामसँगै साबुन व्यापारले राम्रो भएको बताउँछन्। कन्दमूल खोज्ने र माछा मारेर जीवन धान्ने गरेका उन करिब २० वर्ष अगाडिबाट बस्तीमा बस्न थालेको होभने हाल खेतीमा व्यस्त बन्ने गरेको छ। त्यसैगरी माया वनकरिया पनि खेतीसँगै साबुन उत्पादनमा लागेको बताउँछिन्। साबुन उत्पादनले उनलाई जीवन धान्न सजिलो बनाइ दिएको छ।

बस्तीका महिलाले खोला किनार र वनमा खेर गइरहेको तीतेपाती र निमबाट साबुन बनाएर बेचिरहेका छन्। वनमा आधारित जीवनयापन भएका उक्त जातिका लागि मसिने शान्ति सामुदायिक वन बफर्जुन क्षेत्रमा परिणत भएसँगै खेर गइरहेका तीतेपातीको प्रयोग गरेर उद्यमी बन्न प्रेरित भएका हुन्।

उद्यम विकासले आम्दानी भए पनि यथावत समस्या

सन्तोषी वनकरियाले यो जाति भूमि पूजक भएर पनि किन जग्गाधनीपुर्जा नपाएकामा दुःख व्यक्त गर्दै सरकारले भूमिहीन बनाउन नमिल्ने बताउँछिन्।

विसं २०६२ मा २० वर्षका लागि दिइएको कागजको समय २०८२ वैशाखमा सकिएको छ। हाल समय सकिएको जग्गामा बसिरहेको र जग्गामा अधिकार नभएको उनको भनाइ छ। उनी भन्छन्, 'मैले साबुन उत्पादन गर्ने सीप सिकेको थिएँ, जानेको सीपको प्रयोग गरेर व्यवसायी बनौँ न त भन्दा लालपुर्जा नभएर प्यान दर्ता गर्न पाइनँ, व्यवसाय दर्ता गर्न नै नपाएपछि तीन महिना काम रोकियो, वडाध्यक्षले आफ्नो जग्गा राखेर उद्योग दर्ता गर्ने वातावरण बनाइदिनुभयो, सधैँ हामी यसरी नै कतिञ्जेल चल्ने ?,' उनलाई हाल चिन्ता भनेको जग्गामाथिको स्वामित्वमा रहेको छ।

त्यसैगरी, स्थानीय सङ्गीता वनकरियाले आफ्नो समुदायका लागि भत्ता होइन, रोजगारी चाहिएको बताए। लालपुर्जा र रोजगारी भए सरकारले दिएको भत्ताभन्दा बढी हुने उनले बताए। उनी भन्छन्, 'सरकारले वनकरियाका बालबालिकालाई १ देखि १० कक्षासम्म निःशुल्क पढाइदिएको बताउँछिन्। तर हाम्रो बालबालिकाको महिनैपिच्छे हामीले फि बुझाइरहेका छौँ। यसका लागि हामीले कसलाई भन्नुपर्ने हो ?' उनले राज्यले दिने भनेको निःशुल्क शिक्षासमेत नपाएकामा दुःख व्यक्त गरिन्। उनलाई पनि सन्तोषीलाई जस्तै जग्गाको चिन्ता छ।

वनकरिया जाति मकवानपुरमा मात्र बसोबास गर्ने लोपोन्मुख जाति हो। वनकरियाहरू मनहरी गाउँपालिका–४ द्वाङ्ग्रा खोला नजिकै सानो बस्तीमा केही दशकअघिदेखि मात्र घर बनाएर बस्न थालेका हुन्। त्यो बस्तीलाई वनकरिया बस्ती भनेर चिनिन्छ। गाउँमा बस्नुअघि उनीहरू चुरे जङ्गलमा बस्थे भने हाल २१ घरधुरीमा ८३ जनाको संख्यामा वनकरिया रहेको छ। केही दशक अघिसम्म चुरे जङ्गलमै बसेर कन्दमूल खोजेर, माछा मारेर र वन्यजन्तुको सिकार गरेर जीविका चलाउने वनकरियाहरूको जीवनशैली फेरिएको छ।

पछिल्लो वर्षमा सरकारले वनकरिया समुदायलाई जनही मासिक चार हजार सामाजिक सुरक्षाभत्ता थालेपछि यिनीहरूको आर्थिक अवस्थामा सुधार आएको छ। अठार वर्षदेखि सुकुम्बासीका रूपमा मकवानपुरको मनहरी–४ मुसेधापमा बसोबास गर्दै आएका लोपोन्मुख वनकरियाको आफ्नो नाममा जग्गा छैन। अल्पसंख्यक वनकरियाले जङ्गलमा फिरन्ते जीवन बिताउँदा कष्ट भएको भन्दै २०६२ सालदेखि यहाँको कबुलियती वनमा नेपाल सरकारले नै बस्न दिएको हो। यही बसोबास गरेकै स्थानमा सामूहिक लालपुर्जा माग गर्दै आएका छन्। मुसेधापमा अहिले २५ घरपरिवारमा ९३ जना वनकरिया बसोबास गर्दै आएका छन्।

नेपालका लोपोन्मुख १० जातिमध्ये 'वनकरिया' एक हो। विसं २०५९ मा लोपोन्मुख आदिवासी जनजातिका रूपमा 'वनकरिया' जाति सूचीकृत भएको हो। करिब दुई दशकअघिसम्म वनजङ्गलमा फिरन्ते भएर जीवन गुजार्ने यो जातिका मानिस अहिले मकवानपुर मनहरि–४ वनकरिया बस्तीमा बस्छन्।

# रित्ता कक्षाकोठा रुँगेर बस्दै गाउँका शिक्षकहरू



सन्तोष गौतम

विद्यार्थी नभएपछि बेनी नगरपालिका–५ माथिल्लो गाजनेको जगन्नाथ आधारभूत र वडा नं १० को ओखले आधारभूत विद्यालय शैक्षिकसत्र २०८२ देखि बन्द भए । शैक्षिकसत्र २०८० मा भानु मावि, युवावर्ष, हंशबाहिनी, जगन्नाथ र ओखले आधारभूत विद्यार्थी अभावको समस्या झेलिरहेका बेनी नगरपालिकाको ग्रामीण क्षेत्रका विद्यालयका उदाहरण हुन् । सुविधायुक्त भवन, दरबन्दीअनुसार स्थायी शिक्षक, विज्ञान, कम्प्युटर प्रयोगशाला र पुस्तकालय भएका सदरमुकाम बेनीबजार आसपासका सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बर्सेनि घट्दो छ ।

जन्मदर घट्नु, बसाइँसराइ बढ्नु, सडक यातायातको सुविधासँगै निजी विद्यालयले गाउँगाउँमा गाडी पठाएर विद्यार्थी ओसार्नु, सामुदायिक विद्यालयले सामुदायिक विद्यालयको जातिगत विद्यार्थी संख्या भानु माविको जस्तै छ ।

सदरमुकाम बेनीबजारमा रहेको प्रकाश माविमा सबैभन्दा बढी सात सय ३२ जना विद्यार्थी छन् । त्यसपछिको बढी विद्यार्थी बेनी सामुदायिकमा छ सय ३७ जना छन् । बेनी नगरपालिका–९ गलेश्वरमा रहेको जडभरत संस्कृत मावि र वडा नं ५ भिरमुनिको पौलत्स्य मावि पनि एक सय जनाभन्दा कम विद्यार्थी संख्या भएका माध्यमिक विद्यालय हुन् ।

जिल्लाभरका विद्यार्थीले पढ्ने बेनी नगरपालिकाका प्रमुख सुरत केसी घट्दो जनसंख्या वृद्धिदर र बढ्दो बसाइँसराइको दरसँगै सामुदायिक विद्यालयको तह समायोजन, शिक्षक व्यवस्थापनको काम थालिएको बताए । 'स्तरीय यातायातको सुविधासँगै कक्षा ११, १२ पढ्नका लागि गाउँबाट सदरमुकाम बेनीका विद्यालयमा आउने विद्यार्थी पोखरा–काठमाडौं जान थालेका छन्,' उनले भने, 'शैक्षिकसत्रको सुरुमा भएको शिक्षक आन्दोलनका कारण कतिपय अभिभावकले बेनी बाहिर आफ्ना बालबालिका लैजाँदा विद्यार्थी संख्या घटेको हो ।'



एक सय दुई र २०८१ मा ७२ जना विद्यार्थी रहेको विस २०१५ मा स्थापना भएको भानु माविमा पछिल्लो केही वर्षयता विद्यार्थी संख्या निरन्तर घट्दो छ । कक्षा १२ सम्मको पठनपाठन हुने बेनी नगरपालिका–१ रत्नेचौरको भानु माविमा कक्षा ११ र बालकक्षासहित शैक्षिकसत्र २०८२ को विद्यार्थी संख्या ४८ जना छ । प्रधानाध्यापक दिनेश बोगटीका अनुसार कक्षा १ र ३ मा विद्यार्थी संख्या शून्य छ ।

कक्षा ४ सम्मको पठनपाठन हुने बेनी नगरपालिका–१ लामगरामा रहेको युुवावर्ष आधारभूत विद्यालयको २, ३ र ४ कक्षामा नयाँ शैक्षिकसत्र २०८२ मा भर्ना हुुन आउने विद्यार्थीको संख्या शूून्य छ । चार शिक्षक र कर्मचारी भएको उक्त विद्यालयको बालकक्षामा चार र कक्षा १ मा तीन जना विद्यार्थी छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भविराम थापाका अनुसार २०४१ सालमा स्थापना भएको युवावर्ष आधारभूतमा दशकअघिसम्म एक सय जनासम्म विद्यार्थी हुन्थे ।

बेनी नगरपालिका–२ खबराको हंशबाहिनी आधारभूत विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको संख्या बराबर छ । दुई जना दरबन्दीका शिक्षक, एक–एक जना बालविकास सहयोगी र कार्यालय सहयोगी रहेको विद्यालयमा विद्यार्थी संख्या चार छ । कक्षा ३ सम्म पठनपाठनको अनुमति पाएको विद्यालयको कक्षा २ मा एकजना पनि विद्यार्थी छैनन् ।

बालकक्षामा दुई, कक्षा १ र ३ मा एक–एक जना विद्यार्थी छन् । प्रअ सरस्वती नेपालीका अनुसार २०८० सालसम्म ७ कक्षासम्मको पठनपाठन भएको विद्यालयमा विद्यार्थी संख्या ५१ जना थियो । गत शैक्षिकसत्र २०८१ को सुरुमा २२ विद्यार्थी भएको विद्यालयमा बर्खे बिदापछि ११ जनाले विद्यालय परिवर्तन गरे ।

अभिभावकको विश्वास जित्न नसक्नु, निजी विद्यालय र अङ्ग्रेजी माध्यमप्रतिको मोह, सामुदायिक विद्यालयमा बढ्दो राजनीतिक हस्तक्षेप, शिक्षक जिम्मेवार नबन्नु र अगुवा तथा समाजको बेवास्ताका कारण सामुदायिक विद्यालय विद्यार्थीविहीन हुने अवस्था आएको बेनी नगरपालिकाको शिक्षा शाखाका उपसचिव क्षेत्रबहादुर भण्डारीले बताए ।

बेनी नगरपालिकामा ११ वटा संस्थागत र ५३ वटा सामुदायिक विद्यालय छन् । शैक्षिक अभिलेख प्रणालीको तथ्याङ्कानुसार बेनीका विद्यालयमा पछिल्लो तीन वर्षयता भर्ना हुने विद्यार्थीको संख्या घट्दो छ । शैक्षिकसत्र २०८० मा १० हजार ८ सय २५ विद्यार्थी रहेकामा शैक्षिकसत्र २०८१ मा यो संख्या घटेर १० हजार ५५० मा झ¥यो । शैक्षिकसत्र सुरू भएको करिब तीन महिनामा बेनीका विद्यालयमा भर्ना हुने विद्यार्थीको संख्या सात हजार ८ सय २८ रहेको बेनी नगरपालिकाको शिक्षा अधिकृत कमल ढकालले बताए । बालकक्षामा स–साना उमेरका बालबालिकालाई अक्षर चिनाउन र बानी पार्न ल्याउने अभिभावकले अक्षर चिन्न थालेपछि निजी विद्यालय र अन्यत्र लैजाने गरेको गुनासो शिक्षकहरूले गरेका छन् ।

'दुःख गरेर अक्षर चिन्ने बनाएपछि अभिभावकले निजी विद्यालय र अन्यत्र बच्चा लगिदिँदा मन खिन्न हुन्छ', भानु माविका प्रअ दिनेश बोगटीले भने, 'सामुदायिक विद्यालय पढ्ने अधिकांश विपन्न र दलित समुदायका छन् ।' विद्यालय बेनी नगरपालिकाको सबैभन्दा थोरै विद्यार्थी भएको मावि हो ।

जहाँ हाल दलित समुदायका १९, ब्रह्माण क्षेत्रीका आठ र जनजातिका ११ विद्यार्थी छन् । बेनी नगरपालिकामा रहेका अन्य प्रकाश र बेनी सामुदायिक माविको मावि तहको तुलनामा आधारभूत १–५ तहमा विद्यार्थी संख्या कम छ । कक्षा ७–८ सम्म निजी विद्यालय पढाउने र ९–१० पढाउन सामुदायिकमा ल्याउने चलन रहेको प्रकाश माविका प्रअ लेखबहादुर हमालको भनाइ छ ।

अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउने, विद्यार्थीमैत्री शिक्षण विधि अपनाउने, अभिभावकसँग निरन्तर अन्तक्रिया गर्ने, पोशाक, सरकारले दिनेबाहेक पनि विभिन्न विधामा छात्रवृत्ति, पोशाक उपलब्ध गराएर आकर्षित गर्ने प्रयास गरेका सामुदायिक विद्यालयले अभिभावकको विश्वास जित्न र निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न सकेका छैनन् ।

सामुदायिक विद्यालयका सुविधायुक्त कक्षाकोठा खाली छन् । खेलमैदान सुनसान छन् । शिक्षकहरूले रित्ता कक्षाकोठा रुँगेर बसेका छन् । बेनी नगर कार्यपालिकाअन्तर्गत सामाजिक विकास समितिका संयोजकसमेत रहेका वडा नं ९ का अध्यक्ष चक्र केसीले समुदाय, अभिभावक र विद्यालयबीचको बढ्दो दूरी नै सामुदायिक विद्यालयको शैक्षिक सुधारको चुनौती बनेको बताए ।

'शिक्षकहरूलाई जिम्मेवार बनाउन यस वर्षदेखि १६ वटै माविमा विद्युतीय हाजिरी सुरू गरेका छौँ,' उनले भने, 'जनप्रतिनिधि, सरकारी सुविधा लिने कर्मचारी र शिक्षकहरूका छोराछोरी सामुदायिक विद्यालयमा पढाउने गत वर्ष कार्यपालिकाले गरेको निर्णय आंशिकमात्र कार्यान्वयन भएको छ ।'

निर्णयपछि बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले न्यूवेष्ट प्वाइन्ट आवासीय माविमा पढ्दै आएकी छोरी प्रशन्ना पौडेललाई बेनी सामुदायिकमा भर्ना गरेको थियो ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बढाएर विद्यार्थीलाई आकर्षित गर्नु र समाज तथा अभिभावकको विश्वास जित्नुको विकल्प नरहेको नगरप्रमुख केसीले बताए । तहगत रूपमा उत्कृष्ट नतिजा ल्याउने विद्यालय, शिक्षकलाई पुरस्कृत गर्नेदेखि माध्यमिक तहका विद्यार्थीलाई व्यावहारिक सीप सिकाउन 'हामी सक्छौँ, हामी गर्छौं' मार्फत विभिन्न तालिम सञ्चालन गरिएको उनले बताए ।

कक्षा सञ्चालनका लागि आवश्यक विद्यार्थी संख्या नपुगेपछि शैक्षिकसत्र २०७९ मा ११ र २०८० मा सातवटा विद्यालयको तह समायोजन (कक्षा घटुवा) गरिएको थियो । तह समायोजन भएका विद्यालयका शिक्षकलाई बढी विद्यार्थी संख्या भएको नजिकको विद्यालयमा व्यवस्थापन गरिएको छ । विद्यार्थी संख्या बढेपछि विद्यालय पुनःस्थापना र शिक्षक व्यवस्थापन गर्ने नीति लिएको नगरप्रमुख केसीले बताए । गत वर्ष तह घटुवा भएको बेनी नगरपालिका–५ को सेतोढुङ्गा आधारभूत विद्यालयमा यो वर्ष विद्यार्थी संख्या बढेकाले शिक्षक थप गर्न लागिएको नगरपालिकाले जनाएको छ ।

सामुदायिक विद्यालयप्रति विश्वास र आकर्षण बढाउन शिक्षकलाई जिम्मेवार बनाउने, क्षमता विकास, प्रोत्साहन, शिक्षण विधिमा प्रविधिको प्रयोग र विद्यार्थीमैत्री शिक्षण विधि अपनाउने, अभिभावकमा जागरण ल्याउने, समुदाय र अभिभावकको सुझावका आधारमा शैक्षिक गतिविधि सञ्चालन गर्दै शैक्षिक गुणस्तर सुधार्न आवश्यक देखिन्छ । आवासीय विद्यालय सञ्चालन र विद्यालय समायोजन पनि थप विकल्प हुनसक्ने सरोकारवाला बताउँछन् ।

# पृथ्वीमै सबैभन्दा पुरानो हुनसक्छ क्यानाडाली चट्टान



वैज्ञानिकहरूले क्यानाडाको एक चट्टान संरचनाबाट पृथ्वीका सबैभन्दा पुराना चट्टानहरू हुनसक्ने कुराको पहिचान गरेका छन् । नुभुवागिटुक ग्रिनस्टोन बेल्ट लामो समयदेखि यसको प्राचीन चट्टानहरूका लागि परिचित छ– क्युबेकको हडसन खाडीको पूर्वी किनारमा रेखायुक्त खैरो ढुङ्गाको मैदानहरू । तर अनुसन्धानकर्ताहरू तिनीहरू कति पुराना छन् भन्ने बारेमा असहमत छन् ।

दुई दशकअघिको अनुसन्धानले ती चट्टानहरू चार अर्ब ३० करोड वर्ष पुरानो हुनसक्ने अनुमान गरेको छ, जसले तिनीहरूलाई पृथ्वीको इतिहासको प्रारम्भिक अवधिमा राखेको छ । तर फरक मिति निर्धारण विधि प्रयोग गर्ने अन्य वैज्ञानिकहरूले लामो समयअघिका दूषित पदार्थहरूले चट्टानको उमेरलाई बिगारिरहेका थिए र तिनीहरू वास्तवमा तीन अर्ब ८० करोड वर्ष पुराना मात्र थिए भनी तर्क गर्दै यस खोजलाई विरोध गरेका छन् ।

नयाँ अध्ययनमा अनुसन्धानकर्ताहरूले बेल्टको फरक खण्डबाट चट्टानको नमूना लिए र पहिलेका दुई मिति निर्धारण प्रविधिहरू प्रयोग गरी समयको साथ एक रेडियोधर्मी तत्व अर्कोमा कसरी क्षय हुन्छ भनेर मापन गरेर यसको उमेर अनुमान गरे । परिणामतः चट्टानहरू करिब चार अर्ब १६ करोड वर्ष पुराना थिए । 'फरक विधिहरूले ठ्याक्कै उही उमेर दिए,' ओटावा विश्वविद्यालयका अध्ययन लेखक जोनाथन ओनिलले भने । नयाँ अनुसन्धान बिहीबार साइन्स जर्नलमा प्रकाशित भएको थियो ।

पृथ्वी करिब चार अर्ब ५० करोड वर्ष पहिले सौर्यमण्डलको अस्तित्वपछि धुलो र ग्यासको बादलबाट उत्पन्न भएको थियो । आदिम चट्टानहरू प्रायः पृथ्वीको गतिशील टेक्टोनिक प्लेटहरूद्वारा पग्लिन्छन् र रिसाइकल हुन्छन्, जसले तिनीहरूलाई आज सतहमा अत्यन्त दुर्लभ बनाउँछ । वैज्ञानिकहरूले क्यानाडाको अर्को संरचनाबाट चार अर्ब वर्ष पुरानो चट्टानहरू पत्ता लगाएका छन् जसलाई कास्टा नाइस कम्प्लेक्स भनिन्छ । तर नुभुआगिटुक चट्टानहरू अझ पुराना हुन सक्छन् ।

पृथ्वीको प्रारम्भिक इतिहासबाट चट्टानहरूको अध्ययन गर्दा यो ग्रह कस्तो देखिन्थ्यो, यसको उथलपुथल भएको म्याग्मा महासागरहरूले कसरी टेक्टोनिक प्लेटहरूलाई बाटो दियो र जीवन कसरी सुरु भयो भन्ने कुराको झलक दिन सक्छ । ज्वालामुखी चट्टान र लाभाको अध्ययन गर्ने र नयाँ अध्ययनमा संलग्न नभएका आयोवा विश्वविद्यालयका मार्क रेगनले भने, 'त्यसबेला पृथ्वीमा के भइरहेको थियो भन्ने नमूना लिनु साँच्चै मूल्यवान् छ ।'

चट्टानको गठन आदिवासी इनुक्जुक भूमिमा छ र स्थानीय इनुइट समुदायले वैज्ञानिकहरूलाई अघिल्लो भ्रमणबाट भएको क्षतिका कारण साइटबाट नमूना लिन अस्थायी रूपमा प्रतिबन्ध लगाएको छ । पिटुविक ल्यान्डहोल्डिङ्ग कर्पोरेसनसँग जग्गा व्यवस्थापन गर्ने टोमी पालिसरका अनुसार केही भूवैज्ञानिकहरूले साइट भ्रमण गरेपछि चट्टानका ठूला टुक्राहरू हराइरहेका थिए र समुदायले अनलाइन बिक्रीका लागि टुक्राहरू देखेका थिए ।

इनुइट समुदाय वैज्ञानिकहरूसँग मिलेर प्रान्तीय पार्क स्थापना गर्न चाहन्छ जसले अनुसन्धानकर्ताहरूलाई यसको अध्ययन गर्न अनुमति दिँदै भूमिको रक्षा गर्नेछ । 'यी चट्टानहरूका लागि धेरै चासो छ, जुन हामी बुझ्छौं,' समुदायका एक सदस्य पालिसरले भन्नुभयो, 'हामी थप क्षति चाहँदैनौं ।'

# अमेरिका र चीन व्यापार सम्झौतामा हस्ताक्षर



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका र चीनले व्यापारमा एक सम्झौतामा हस्ताक्षर गरेको बताएका छन् । उनले भारतसँग पनि चाँडै सम्झौता हुने अपेक्षा गरिएको बताए । वाणिज्यमन्त्री हावर्ड लुटनिकले ब्लुमबर्ग टिभीलाई यो हप्ताको सुरुमा सम्झौतामा हस्ताक्षर भएको जानकारी दिए । लुटनिक वा ट्रम्पले सम्झौताका बारेमा कुनै विवरण दिएका छैनन् ।

'हामीले भर्खरै चीनसँग हस्ताक्षर गऱ्यौं,' ट्रम्पले बिहीबार राति भने । लुटनिकले यो सम्झौतामा दुई दिनअघि 'हस्ताक्षर र छाप लगाइएको' बताए । यो मे महिनाको सुरुमा जेनेभामा भएको प्रारम्भिक वार्ताको परिणाम हो । वार्ताले दुवै पक्षलाई ठूला भन्सार शुल्क वृद्धि स्थगित गर्न प्रेरित गरेको थियो । भन्सार शुल्क वृद्धिले दुई देशबीचको धेरैजसो व्यापार स्थगित गर्ने खतरा थियो ।

पछि लन्डनमा भएको वार्ताले वार्ताका लागि रूपरेखा तय ग¥यो र ट्रम्पले उल्लेख गरेको सम्झौताले त्यो सम्झौतालाई औपचारिक रूप दिएको देखिन्छ । 'राष्ट्रपतिले यी सम्झौताहरू आफैँ पूरा गर्न मन पराउनुहुन्छ । उहाँ सम्झौता निर्माता हुनुहुन्छ । हामी एकपछि अर्को सम्झौता गर्नेछौँ,' लुटनिकले भने ।

चीनले कुनै नयाँ सम्झौताको घोषणा गरेको छैन, तर यसले यस हप्ताको सुरुमा दुर्लभ खनिज तत्व, विद्युतीय सवारी जस्ता उच्च–टेक उत्पादनहरूमा प्रयोग हुने सामग्रीहरूको निर्यात स्वीकृतिको गति बढाइरहेको घोषणा गरेको थियो । दुर्लभ खनिज तत्वको निर्यातमा बेइजिङको सीमाहरू विवादको मुख्य विन्दु भएको छ । चिनियाँ वाणिज्य मन्त्रालयले बिहीबार बेइजिङले दुर्लभ खनिज तत्वहरूका लागि निर्यात इजाजतपत्र आवेदनहरूको समीक्षालाई गति दिइरहेको र 'निश्चित संख्यामा अनुपालन आवेदनहरू' स्वीकृत गरेको बताएको छ ।

चीनले अप्रिलमा सात दुर्लभ खनिज तत्वमा अनुमति आवश्यकताहरू लगाएपछि खनिजहरूको निर्यात नियन्त्रणले बेइजिङ र वासिङ्टनबीचको पछिल्लो व्यापारिक वार्तामा भन्सार शुल्कहरूलाई उछिनेको देखिन्छ । ती खनिजको निर्यात नियन्त्रणले अमेरिका र विश्वभरका कारहरू, रोबोटहरू, हावा टर्बाइनहरू र अन्य उच्च प्रविधिका उत्पादनहरूको उत्पादनमा बाधा पु¥याउने खतरा छ ।

मे महिनामा जेनेभामा भएको सम्झौताले दुवै पक्षलाई ट्रम्पले आफ्नो व्यापार युद्ध बढाएको र आयात शुल्क तीव्र रूपमा बढाएका कारण लगाइएको दण्डात्मक शुल्क वृद्धि कम गर्न आह्वान गरेको थियो । फेन्टानिलको व्यापार र एल्युमिनियम र स्टिलमा लगाइएको भन्सार शुल्कसँग सम्बन्धित वासिङ्टनले लगाएको केही उच्च भन्सार शुल्कहरू यथावत छन् । द्रुत रूपमा परिवर्तन हुने नीतिहरूले विश्वका दुई ठूला अर्थतन्त्रमा प्रभाव पारिरहेको छ ।

आंशिक रूपमा कम्पनीहरू र घरपरिवारहरूले विदेशी सामानहरू किन्न हतार गरेका कारण अमेरिकी अर्थतन्त्र जनवरीदेखि मार्चसम्म वार्षिक शून्य दशमलव पाँच प्रतिशत दरले सङ्कुचित भयो । चीनमा कारखाना नाफा मे महिनामा एक वर्ष अघिको तुलनामा नौ प्रतिशतभन्दा बढी घटेको छ । यसमा अटो निर्माताहरूले त्यो गिरावटको ठूलो हिस्सा भोगेका छन् । जनवरी–मे महिनामा तिनीहरू वार्षिक आधारमा एक प्रतिशतभन्दा बढी घटे ।

ट्रम्प र अन्य अमेरिकी अधिकारीहरूले भारत लगायत अन्य धेरै देशसँग व्यापारिक सम्झौतामा पुग्ने अपेक्षा गरेको सङ्केत दिएका छन् । 'हामी एकपछि अर्को सम्झौता गर्नेछौँ,' लुटनिकले भने ।

# नेशनल मेडिकल कलेजमा नयाँ पिजी विद्यार्थीलाई स्वागत




**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल मेडिकल कलेज वीरगंजले शुक्रबार एक औपचारिक कार्यक्रमकाबीच स्नातकोत्तर (पिजी) तहमा भर्ना भएका नयाँ ५३ विद्यार्थीलाई स्वागत गर्दै अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमको उद्घाटन गर्दै कलेजका अध्यक्ष प्रा.डा. जैनुद्धिन अन्सारीले विद्यार्थीलाई लगनशील र अनुशासित भएर अध्ययन गर्न प्रेरणा दिए । उनले पछिल्लो समय नेपालको चिकित्सा शिक्षा गुणस्तरीय र प्रतिस्पर्धात्मक बन्दै गएको उल्लेख गर्दै भने, 'अबको तीन वर्षको तपाईहरूको मेहनतले नै भविष्य निर्माण गर्नेछ ।' प्रा.डा. अन्सारीले ५० वर्षअघिको मेडिकल शिक्षा प्रणालीसँग अहिलेको अवस्थालाई तुलना गर्दै शिक्षा पहुँचयोग्य र समावेशी बन्दै गएको उल्लेख गर्नुभयो । 'पहिले स्नातकोत्तर अध्ययन गर्न भारत जानुपथ्र्यो, महिला विद्यार्थी सर्जरी र एनेस्थेसिया पढ्दैनथे,' उनले भने, 'तर अहिले महिला डाक्टरहरू पनि रातभर अपरेशन कक्षमा काम गरिरहेका छन् । यो गर्वको विषय हो ।'
कलेजकी प्रबन्ध निर्देशक शाहनावाज अन्सारीले पनि नयाँ विद्यार्थीलाई स्वास्थ्य सेवा मानवतामूलक पेशा भएको स्मरण गराउँदै बिरामीलाई पुस्तक सरह गम्भीरतापूर्वक अध्ययन गर्न आग्रह गरिन् । 'सबै बिरामीको समस्या एउटै हुँदैन । तर, निदान चाहिँ सबैको हुनैपर्छ,' उनको भनाइ थियो । कार्यक्रममा कलेजका प्रिन्सिपल प्रा.डा. के एन सिंह, अस्पताल निर्देशक डा. इसरत जहाँ अन्सारी, मार्केटिङ तथा एडमिशन निर्देशक आबिद हुसैन अन्सारी, पिजी संयोजक प्रा.डा. रवि कुमार शाह, नर्सिङ निर्देशक प्रा.डा. गंगा गुरुङ, प्रा.डा. बबिता सिंह, डेन्टल डिपार्टमेन्टका भाइस प्रिन्सिपल प्रा.डा. सरोज देव, डा. रवि शंकर गुप्तालगायत पिजी फ्याकल्टीका वरिष्ठ चिकित्सक तथा पदाधिकारीको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन कलेजमा अध्ययनरत आयुस्मा महतो र एश्वर्या वेनेसाले गरेका थिए । नेशनल मेडिकल कलेजले चिकित्सा शिक्षा, अनुसन्धान र व्यवहारिक तालिममा निरन्तर सुधार र उत्कृष्टता ल्याउने प्रयास गर्दै आएको बताइएको छ ।

# मधेशका सुनचाँदी व्यवसायी आन्दोलित अनिश्चितकालीन व्यापार बन्द

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल सरकारले लागू गरेको नयाँ कर संरचनाविरुद्ध असन्तुष्टि जनाउँदै मधेश प्रदेशका सुनचाँदी व्यवसायीहरू अनिश्चितकालीन रुपमा व्यापार बन्द गरी सडकमा उत्रिएका छन् । नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ मधेश प्रदेशले संयुक्त महासंघको निर्णयअनुसार शुक्रबारदेखि सम्पूर्ण व्यवसाय ठप्प पार्दै जनकपुरधाममा विरोध प्रदर्शन गरेका हुन् । महासंघका महासचिव मनिष रमन साहले सरकारले ल्याएको अव्यवहारिक कर नीतिले व्यवसाय धराशायी हुने अवस्थामा पुगेको बताए । 'विगतदेखि नै प्रदेश, जिल्ला र स्थानीय तहबाट सुझाव दिइएको थियो, तर सरकारले सुनुवाइ गरेन,' उनले भने । महासंघका अध्यक्ष पवन कुमार ठाकुरले सुनचाँदी व्यवसाय हजारौं जनताको जीवनसँग गाँसिएको क्षेत्र भएको उल्लेख गर्दै सरकारले माग सम्बोधन नगरे अझ कडा संघर्षमा जाने चेतावनी दिए । संयुक्त महासंघले आन्दोलनलाई चरणबद्ध रुपमा विस्तार गर्दै थप कार्यक्रम सार्वजनिक गर्ने तयारी गरिरहेको छ । मधेश प्रदेशका प्रमुख शहरहरूमा सुनचाँदी व्यवसाय लामो समयदेखि आर्थिक मेरुदण्डको रूपमा रहेको भए पनि पछिल्लो कर संरचनाले व्यवसाय संकटमा परेको व्यवसायीहरूको गुनासो छ । व्यवसायीहरूले नयाँ कर नीतिमा पुनर्विचार नगरेसम्म आन्दोलन जारी रहने बताएका छन् ।

# जनकपुरधाम–७ मा बजेट खर्च सम्बन्धी बैठक सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नं ७ मा आर्थिक वर्ष २०८२/८३ को बजेट विभिन्न शीर्षकमा खर्च गर्ने सम्बन्धमा शुक्रबार वडा कार्यालयमा सर्वदलीय बैठक सम्पन्न भएको छ । वडा अध्यक्ष निरज कुमार साह 'मुन्ना'को अध्यक्षतामा बसेको बैठकमा स्थानीय विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूको रोहवरमा शिक्षा, स्वास्थ्य, सरसफाइ, विद्युत, अधुरा सडक, फोहर व्यवस्थापन लगायतका विकास योजनालाई प्राथमिकता दिँदै बजेट विनियोजनबारे छलफल गरिएको हो ।
बैठकमा वडाको समग्र विकासका लागि बजेट पारदर्शी, व्यवहारिक र जनमुखी तरिकाले प्रयोग गरिने प्रतिबद्धता व्यक्त गरिएको थियो ।
वडा अध्यक्ष साहले विकास निर्माणको कार्यलाई तीव्र गति दिनु आवश्यक भएको बताउँदै स्थानीय तहको आवश्यकता र जनअपेक्षाअनुसार योजना कार्यान्वयन हुने जानकारी दिए ।
बैठकमा सहभागी जनप्रतिनिधिहरूले बजेटको सही सदुपयोग गर्दै वडावासीको प्रत्यक्ष हित हुने खालका योजनामा प्राथमिकता दिन सुझाव दिएका थिए । वडा कार्यालयले निकट भविष्यमा सार्वजनिक सुनुवाइ गर्दै योजनाको कार्यान्वयन प्रक्रिया थाल्ने जनाएको छ ।

# धनुषामा विपद् पूर्वतयारी सम्बन्धी समन्वय बैठक सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लामा मनसुनजन्य विपद्को पूर्वतयारी तथा व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालयको आयोजनामा शुक्रबार समन्वयात्मक बैठक सम्पन्न भएको छ ।
प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष शंकरहरि आचार्यको अध्यक्षतामा सम्पन्न सो बैठकमा सरकारी निकायसहित जिल्लामा विपद् तथा मानवीय सहायता क्षेत्रमा क्रियाशील विभिन्न गैरसरकारी संघसंस्थाहरूको सहभागिता रहेको थियो । बैठकमा जिल्लाका विभिन्न पालिकामा मनसुनका कारण आउन सक्ने सम्भावित बाढी, डुवान लगायतका प्रकोपको प्रभाव न्यून गर्न आवश्यक तयारीका निर्णयहरू गरिएका छन् ।
बैठकबाट बाढी र डुवानको सम्भावनालाई ध्यानमा राख्दै सम्पूर्ण निकायहरू तयारी अवस्थामा रहने, ग्लोबल नेपल्समार्फत सञ्चालित कार्यक्रमहरूको सूची तीन दिनभित्र जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने, नेपाल रेडक्रस सोसाइटीलगायत मानवीय क्षेत्रमा काम गरिरहेका निकायले पूर्वतयारी विवरण तीन दिनभित्र प्रशासनलाई बुझाउने, सबै संस्थाले समन्वयका लागि फोकल पर्सन तोकी सम्पर्क विवरण तीन दिनभित्र उपलब्ध गराउने निर्णय गरिएको छ । त्यस्तै, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकनमा नेपाल रेडक्रस सोसाइटी धनुषाले सहयोग गर्ने, पालिकागत कार्यक्रम र संस्थागत विवरण सात दिनभित्र जिल्ला प्रशासन तथा सरोकार निकायलाई बुझाउने, डीपीआरपीमा उल्लेख गरिएका विषयगत क्षेत्रका समन्वयकर्ताहरूले सम्बन्धित संस्थाको सहभागितामा पूर्वतयारी बैठक राख्ने निर्णयसमेत गरिएको बताइएको छ । बैठकमा सहभागी संस्थाहरूले आगामी दिनमा सहकार्य, सूचना आदानप्रदान र प्रभावकारी समन्वयमार्फत विपद् व्यवस्थापनलाई सशक्त बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।
प्रमुख जिल्ला अधिकारी आचार्यले सबै सरोकारवाला निकायलाई जिम्मेवारीपूर्वक र समयमै काम गर्न आग्रह गर्दै बाढी, डुवानलगायतका प्रकोपबाट जनधनको क्षति न्यून गर्न सबै मिलेर अघि बढ्नुपर्नेमा जोड दिए ।

# जनकपुरधाममा पहिलोपटक श्रीजगन्नाथको रथयात्रा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धार्मिक एवम् सांस्कृतिक राजधानीका रूपमा चिनिने जनकपुरधाममा यस वर्ष पहिलोपटक ऐतिहासिक श्रीजगन्नाथ रथयात्रा भव्यताका साथ सम्पन्न भएको छ । जानकी मन्दिर परिसरबाट शुक्रबार अपराह्न ४ बजे शुभारम्भ भएको रथयात्रामा हजारौं श्रद्धालुहरूको उत्साहजनक सहभागिता रहेको थियो ।
श्रीजगन्नाथ भगवानको रथ श्रद्धालुहरूले परम्परागत ढंगले रस्सी तानी शहर परिक्रमा गराएका थिए । रथयात्राको सम्पूर्ण मार्गमा श्रद्धालुका लागि प्रसाद वितरणको व्यवस्था गरिएको थियो ।
जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले श्रीजगन्नाथ रथयात्रा जनकपुरधामको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय पहिचान सुदृढ गर्ने महत्वपूर्ण अवसर भएको बताए । धार्मिक पर्यटन प्रवद्र्धन तथा परम्परागत संस्कृतिको जगेर्नामा रथयात्राले सकारात्मक सन्देश दिएको स्थानीय समुदायले विश्वास व्यक्त गरेका छन् । रथयात्रा व्यवस्थापनमा मन्दिर समितिसँगै स्थानीय स्वयंसेवकहरूको समेत सक्रिय सहभागिता देखिएको थियो ।

# मधेशको चलचित्र बोर्डमा 'अयोग्य' व्यक्तिको नियुक्ति खारेज गर्न आजपा नेता यादवको माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्वमन्त्री प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)का सचिवालय सदस्य तथा आम सांस्कृतिक मोर्चाका केन्द्रीय इन्चार्ज विजय यादव 'निर्विज' ले मधेश प्रदेश सरकारले चलचित्र तथा लोक सञ्चार प्रवर्धन बोर्डको अध्यक्षमा किशोर कुमार लेखीलाई नियुक्त गरेकोमा आपत्ति जनाएका छन् । यादवले लेखीको नियुक्तिको आधार र योग्यतामाथि प्रश्न उठाउँदै तत्काल सच्याउन माग गरेका छन् ।
सामाजिक सञ्जाल फेसबुकमार्फत टिप्पणी गर्दै यादवले गृहमन्त्री राजकुमार लेखीका भाइ भएकै आधारमा किशोर कुमार लेखीलाई नियुक्त गरिएको आरोप लगाए । उनले किशोर कुमार लेखीलाई चलचित्र, नाट्य, संगीत वा साहित्य कुनै पनि विधामा अनुभव नभएको व्यक्ति भन्दै यस किसिमको नियुक्तिले मुख्यमन्त्री सतिश कुमार सिंहको सुशासनको नारामाथि प्रश्नचिह्न खडा गरेको बताए । यादवले मधेश प्रदेशमा सक्षम कलाकार तथा संस्कृतिविद्हरूको अभाव नहुँदा नहुँदै पनि अनुभवहीन व्यक्तिलाई नियुक्ति गरिनुले 'कार्यकर्ता भर्ना'को प्रवृत्ति देखिएको भन्दै आक्रोश व्यक्त गरेका छन् । उनले मुख्यमन्त्री सिंहलाई यस विषयमा तत्काल ध्यानाकर्षण गराउँदै यदि यो नियुक्ति नसच्याइएमा आम सांस्कृतिक मोर्चाले कडा आन्दोलन गर्ने चेतावनी दिए । यादवले यदि किशोर कुमार लेखीलाई पदबाट नहटाइए तत्काल सडकमा उत्रिने चेतावनीसमेत दिएका छन् ।

# राजविराज रोयल्स फाइनलमा



**मधेशदृष्टि**
**सप्तरी ।**
राजविराजस्थित पब्लिक विन्देश्वरी माविको खेल मैदानमा जारी राजविराज मेयर कप सप्तरी महिला प्राईड लिग दोस्रो सिजन अन्र्तगतको लिगको शुक्रबार भएको अन्तिम खेलमा सुरुङ्गा रोयल्सले राजविराज रोयल्सलाई रोमान्चक खेलमा २३ रनले पराजित गरेको छ । टस जितेर ब्याटिङ रोजेको सुरुङ्गा सरभाइभल्सले निर्धारित २० ओभरको खेलमा ३ विकेटको नोक्सानीमा १ सय ७५ रनको योगफल तयार पारेका थिए । सुरुङ्गाका लागि रोमा थापाले उत्कृष्ट ब्याटिङ गर्दै ४४ बलमा ११ चौक्काको मद्दतले ७४ रनको योगदान दिएकी थिइन् भने साना प्रविण ४१ र सानु राजबंशीले नटआउट रहि ३९ रनको योगदान दिइन् । बलिंगतर्फ राजविराजकी चाँदनी खातुन र साक्षी यादवले सामान १–१ बिकेट लिइन् । १ सय ७६ रनको विजयी लक्ष्य लिई मैदानमा ओर्लेको राजविराजले राम्रो प्रयास गरेपनि २० ओभरमा ५ विकेटको नोक्सानीमा १ सय ५२ रनमात्र बनाउन सकेको थियो । राजविराजका लागि शिवानी साहले उत्कृष्ट ब्याटिंग गर्दै ४८ बलमा ८ चौक्काको मद्दतले नटआउट रहि ५४ रनको योगदान दिइन् भने प्रनिश रानामगरले ३६ तथा प्रतिमा साह २८ र अपेक्षा यादवले २१ रनको योगदान दिइन् । बलिंगतर्फ सुरुङ्गाकी सरस्वती चौधरीले २ तथा रोजि कडारी र विद्या रामले सामान १–१ विकेट लिइन् । उक्त खेलको प्लेयर अफ द म्याच उत्कृष्ट ब्याटिंग गरेकी सुरुङ्गाकी रोमा थापा घोषित भइन् । प्रतियोगिता अन्र्तगत फाइनल खेल शनिवार राजविराज रोयल्स र खडक क्वीन्स बिच हुने आयोजक समितिले जनाएको छ ।

# रौतहटमा लागुऔषध र हुण्डी कारोबार बढ्दै





**राकेश यादव**
**रौतहट ।**
रौतहट जिल्लाको सदरमुकाम गौर लागुऔषध तथा हुण्डी कारोवारीको केन्द्रबिन्दु बन्दै गएको छ । भारतसँगको खुला सिमाना र सीमित निगरानीका कारण गौर नाका अपराधीहरूको सुरक्षित मार्ग बन्न थालेको देखिएको हो । सिर्जना नगरदेखि गौर नगरपालिकासम्म फैलिएको सीमावर्ती क्षेत्रमार्फत लागुऔषध र अवैध रकमको कारोवार बढिरहेको पुष्टि गर्दै प्रहरीले पछिल्ला दुई दिनमा मात्रै ४८० थान लागुऔषध बरामद गरेको छ । असार १० गते नेपालमा प्रतिबन्धित ३३० थान लागुऔषधसहित अजय विक पक्राउ परेका थिए । उनी गौर हुँदै सर्लाहीतर्फ लाग्दै गर्दा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । त्यसको भोलिपल्ट, असार ११ गते गौर नगरपालिका–१ बाट स्याङ्जा हरिबन गाउँपालिका–४ निवासी ३१ वर्षीय निलकुमार थापा मगर १५० एम्पुल लागुऔषधसहित पक्राउ परेका हुन् ।
उनले भारतको बैरगनिया बजारबाट औषधि ल्याइ गौर भन्सार अगाडिको सडक खण्डमा चेकजाँचका क्रममा समातिएका थिए । त्यसैदिन गौर नाकाबाट हुण्डी कारोबारमा संलग्न मोहम्मद करमाण अलीसमेत पक्राउ परे । गौर–१ निवासी अली भारतबाट मोटरसाइकलमा लुकाएर ल्याउँदै गरेका १० लाख ४ हजार ५ सय रुपैयाँसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । नेपाल–भारत खुला सीमामा सशस्त्र प्रहरी र नेपाल प्रहरीको सुरक्षा बेस स्थापना गरिए पनि लागुऔषध, हुण्डी तथा तस्करी नियन्त्रणमा पूर्ण सफलता मिल्न सकेको छैन । विशेषगरी युवा पुस्ता लागुऔषधको लतमा फस्न थालेपछि चोरी, लुटपाट र सामाजिक अपराध बढ्न थालेको सुरक्षाकर्मीहरूले बताएका छन् ।

# जनप्रतिनिधिबाट स्थानिय सरकार सञ्चालन ऐन विपरित कार्य भएको खुलासा

**मधेशदृष्टि**
**सप्तरी ।**
नियम कानुनको पालना गराउने जनप्रतिनिधिले नै नियम कानुन मिचेको पाइएको छ । सप्तरीको शम्भुनाथ नगरपालिकामा यसरी वडाध्यक्ष दुर्गानन्द भगतले नियम कानुन मिचेको पाइएको हो । उनले स्थानिय सरकार सञ्चालन ऐन विपरित आफू स्वयंले एक समितिलाई खेलकूद कार्यक्रमका लागि कार्यादेश सहित सम्झौता गरेको पाइएको छ । आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर वडा नम्बर–२ का वडाध्यक्ष भगतले बजेट खर्च गर्न नियम विपरित सम्झौता गर्दै कार्यादेश दिएको सार्वजनिक भएको छ । ट्राफिक बजार युवा खेलकुद सञ्चालन समिति शम्भुनाथ–२ को नाममा वडा समितिको २०८१ असोज ६ गतेको बैठकको निर्णयानुसार असोज ७ मा आधारभुत विद्यालय कनकपट्टी ट्राफिक बजारको खेल मैदानमा तेस्रो पञ्च शिल्ड फुटवल प्रतियोगिता सञ्चालनका लागि एक लाख रुपैयाँ भित्र रहि काम सम्पन्न गर्न वडाअध्यक्ष भगतको हस्ताक्षरमा आयोजक समितिलाई कार्यादेश दिइएको छ । सोही मितिमा वडाअध्यक्ष भगतले खेलकुद सञ्चालन समिति अध्यक्ष सुनिलकुमार चौधरीसंगको सम्झौतापत्रमा वडा कार्यालयको तर्फबाट हस्ताक्षर गरेका छन् । वडाध्यक्ष भगतले २०८१ असोज २१ मा कार्यक्रम सम्पन्न भएको भन्दै भुक्तानीका लागि शम्भुनाथ नगरपालिकाको नाममा सिफारिसपत्र समेत दिएको पाइएको छ । यसबारे वडाअध्यक्ष भगतसँग बुझ्दा उनले कार्यालयले सम्झौता गरेको बताएका छन् । यद्यपी समझौतापत्र र कार्यादेश पत्र दुबैमा उनकै हस्ताक्षर रहेको छ । यसबारे थप जिज्ञासा राख्दा उनले घुमाउरो पारामा कुरा राख्दै पन्छिन खोजे । स्थानियले भने वडाध्यक्ष भगतले अधिकारको दुरुपयोग गरेको भन्दै सोबारे आवश्यय छानबिन हुनुपर्ने माग गरेका छन् । यस्तै, वडाअध्यक्ष भगतले दैनिक ज्यालादारीमा कार्यालय सहयोगी नियुक्त गरेको सम्झौतापत्र पनि फेला परेको छ ।

# नयाँ शैलीको प्रयोगले जागरुक बन्दै बालबालिका

**मनोज माझी**
**सप्तरी ।**



सिकाउनेमा दक्षता र सिक्नेमा लगन तथा इच्छाशक्ति प्रवल भए लक्ष्य प्राप्त सहज हुने उदाहरण अहिले सप्तरीको छिन्नमस्ता र विष्णुपुर गाउँपालिकाका बालबालिकामा देखिएको छ । तराई–मधेशमा अझै जडो गाडेर बसिरहेका बालविवाह, बालश्रम र बालहिंसा, विद्यालयहरुमा स्वच्छ खानेपानी, हरित बातावरण तथा खेलकुद सामग्रीको अभाव, विद्यालयमा शिक्षक र विद्यार्थीको नियमित उपस्थितीमा कमी, विद्यालय आसपासका क्षेत्रमा मदिरा र सुर्तीजन्य पर्दाथको बिक्री वितरणले बालबालिकामा पार्ने प्रभाव, विद्यालयमा सुझाव पेटिकाको महत्व, अपाङ्ग मैत्री, बालमैत्री र किशोरीमैत्री शौचालयको आवश्यकता, बालअधिकार लगायत शिक्षा र स्वास्थ्यसंग विषयमा आफू मात्र जानकार भएका छैनन् । उक्त विषय आफ्नो व्यवहारमा लागू गर्दै गाउँका अन्य बालबालिकालाई सचेत गराउनसमेत सक्षम भएका छन् । यस्तो परिवर्तन त्यती सहजै भने आएको होइन । सेभ द सप्तरी तथा सेभ द चिल्ड्रेनको संयुक्त साझेदारीमा समुन्नती कार्यक्रम अन्तर्गत गत जेठ महिनादेखी ती पालिकाको विद्यालयहरुमा पालिकास्तरीय बालभेला र सरोकारवालासंगको कार्यक्रम घनिभुत रुपमा संचालनमा ल्याइएपछि यस्तो परिर्वतन देखिएको हो । यस्तो कार्यक्रमले आपुःm हरुले आफ्नो अधिकारसंगै शिक्षा र स्वास्थ्यसंग जोडिएका धेरै विषयहरुबारे जानकारी प्राप्त गर्न र अरुलाई पनि सिकाउन सक्षम भएको माँ बेष्णोदेवी युवा क्लब विष्णुपुरकी अध्यक्ष पावर्ती कुमारी साहले बताइन् । यस अघि पालिकाका अधिकांश बालबालिकाहरु बालअधिकार र यसको प्रयोग तथा कानुनी व्यवस्था तथा शिक्षा र स्वास्थ्यसंग जोडिएका अन्य महत्वपुर्ण सवालहरुबाट अनभिज्ञ थिए । तर, संस्थाबाट परिचालित विज्ञ तथा तालिम प्राप्त सहजकर्ताहरुले नयाँ नयाँ शैलीले सरोकारवाला समेतलाई राखेर वडा देखी विद्यालयस्तरमा बालभेला कार्यक्रम अभियानको रुपमा चलाएपछि सकारात्मक परिणाम देखिन थालेको सेभ द सप्तरीका कार्यक्रम संयोजक विष्णुकान्त देवको भनाई छ । सम्बन्धित पालिकाका बाल क्लबका प्रतिनिधि, विद्यार्थी र सरोकारवाला निकायका प्रतिनिधि समेतको उपस्थितिमा बालक्लबका प्रतिनिधि र विद्यार्थीहरुसंग समस्या र सुझाव संकलन गर्ने र उनीहरुबाटै बहुमतको आधारमा यस्ता समस्याहरुलाई प्राथिमिकीकरण गरी सहभागी सरोकारवालाहरुसंग समस्या समाधानका लागी पहल गरिएको उनको भनाई छ । उनले छिन्नमस्ता र विष्णुपुर गाउँपालिका पछि अब छिट्टै उक्त कार्यक्रम तिलाठी कोइलाडी गाउँपालिकामा गर्ने तयारी भइरहेको जानकारी पनि दिए । विष्णुपुर गाउँपालिका–५ का वडाअध्यक्ष जिवछ मण्डलले संस्थाद्वारा संचालित पालिकास्तरीय सरोकारवालाहरुसंग संवाद तथा बाल भेलाले बालबालिका मात्रलाई नभई अभिभावक र जनप्रतिनिधि समेतलाई जिम्मेवार बनाउने काम गरेको प्रतिक्रिया दिए । उनले बालभेला जस्तै वडामा अभिभावक भेला समेत गरे बालिविवाह न्युनीकरण देखी बालबालिकामा स्वास्थ्य र शिक्षा क्षेत्रमा देखिएका कमीकमजोरीमा धेरै सुधार आउने विश्वास व्यक्त गरे । सेभ द सप्तरीका अध्यक्ष धुरव देवले शैक्षिक र स्वास्थ्य क्षेत्रमा सुधार तथा बालबालिका, अभिभावक र शिक्षकलाई थप जिम्मेवार बनाउने उदेश्यका साथ यस्तो कार्यक्रम संचालनमा ल्याइएको बताए । यस्तो कार्यमा सबैको सकारात्मक सहयोग र उत्साहजनक सहभागिताले आफूहरुलाई हौसला प्रदान गरेको उनको भनाइ छ । मुख्यतः यस्ता कार्यक्रमले बालबालिका, अभिभावक, शिक्षक र जनप्रतिनिधि समेतलाई जिम्मेवार बनाउने काम गरेको देखिएको छ । तर्सथ यस्ता कार्यक्रमलाई जिल्लाको १८ वटै पालिकामा विस्तार गर्न सकिए अझ फलदायी हुने स्थानीय बुद्धिजीवीहरुको सुझाव छ ।

# बिल बिजकभन्दा बढी मालसामान बोकेको आशंकामा दुई ट्रक नियन्त्रणमा



**राहुल गुप्ता**
**बारा ।**

इलाका प्रहरी कार्यालय अमलेखगंज र इलाका प्रहरी कार्यालय जितपुरले शुक्रबार बिहान विशेष चेकजाँचको क्रममा दुईवटा ट्रक नियन्त्रणमा लिई राजस्व अनुसन्धान कार्यालय, पथलैया बारा पठाएका छन् । ती सवारी साधनहरूबाट प्रस्तुत बिल बिजकभन्दा धेरै मूल्यका मालसामान फेला परेपछि आवश्यक कारबाहीको लागि पठाइएको हो । प्रहरीका अनुसार, जिल्ला बारा जितपुर सिमरा उपमहानगरपालिका–२१, अमलेखगंजस्थित सडक खण्डमा चेकजाँचका क्रममा ना ३ ख ४३६३ नम्बरको डिब्बा भएको ट्रकमा उल्लेखित बिलभन्दा फरक सामानहरू लोड गरिएको पाइयो । ट्रकमा एलइडी टिभी, वाटर फिल्टर, चिया, वासिङ मेसिन, फ्रिजर, कम्प्युटर मोटर बोर्डस लगायतका खुद्रा इलेक्टोनिक सामानहरू रहेका थिए । यसको मूल्य करिब १० लाख ३७ हजार १ सय ५० रुपैयाँ बराबर रहेको प्रहरीको प्रारम्भिक अनुमान छ । त्यसैगरी, जितपुर सिमरा उपमहानगरपालिका–७, जितपुरस्थित अर्को चेकजाँचमा मधेश प्रदेश ०३–००२ क १४४० नम्बरको कन्टेनर ट्रक नियन्त्रणमा लिइएको छ । उक्त ट्रकबाट ४३ लाख ३४ हजार ८१० रुपैयाँ बराबरको खुद्रा सामान फेला परेको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुमानअनुसार, यी मालहरू पनि बिल बिजकमा उल्लेखित विवरणभन्दा धेरै देखिएकोले थप अनुसन्धानका लागि ट्रकसहितको सामग्री राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको हो । प्रहरीले गैरकानुनी रूपमा राजस्व छली गर्ने उद्देश्यले कारोबार भएको हुन सक्ने आशंका गर्दै छानबिन अघि बढाइएको जानकारी दिएको छ ।

# तीन तहबीचको समन्वय विना देशको विकास सम्भव छैनः मुख्यमन्त्री सिंह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य नहुँदा मुलुकको विकास प्रक्रिया प्रभावित भइरहेको बताएका छन् । शुक्रबार जनकपुरधाममा आयोजित 'अन्तर–सरकार सम्बन्धका सवालहरू' विषयक अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले संविधान र कानुनले परिकल्पना गरेअनुसार तीनै तहबीच समुचित समन्वय र सहयोग भएको खण्डमा जनताले प्रत्यक्ष रुपमा शासन व्यवस्थाको अनुभूति गर्न सक्ने विश्वास व्यक्त गरे ।

उनले भने, 'अहिलेका अनेकन गुनासोको मूल कारण सरकारबीचको तालमेलको अभाव छ ।

स्पष्ट कार्यविभाजन भए पनि व्यवहारमा तालमेलको कमीका कारण विकासमा गति आउन सकेको छैन ।' त्यस्तै, सभामुख रामचन्द्र मण्डलले संविधानप्रदत्त अधिकारकै विषयमा बारम्बार विवाद उठ्ने गरेका कारण विकासको कामले गति लिन नसकेको बताए । उनले वर्तमान शासन व्यवस्था राम्रो भए पनि बदनाम गर्ने प्रवृत्तिबाट सतर्क रहनुपर्नेमा जोड दिए । कार्यक्रममा मधेश प्रदेशका पूर्व नीति तथा योजना आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झा व्यथित लगायत विभिन्न पालिका प्रमुख, प्रतिनिधि तथा प्रदेश सरकारका मन्त्रीहरूले पनि अन्तर सरकार सम्बन्धका सन्दर्भमा धारणा व्यक्त गरेका थिए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयद्वारा आयोजित कार्यक्रममा सहभागीहरूले नीति निर्माणदेखि कार्यान्वयनसम्म तीनै तहबीचको स्पष्ट समन्वय आवश्यक रहेको धारणा राखेका थिए ।

# संविधान संशोधनको नेतृत्व कांग्रेसले गर्छः उपसभापति खड्का

**मधेशदृष्टि**
**वीरगंज ।**

नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले समय सापेक्ष बनाउन संविधान संशोधनको नेतृत्व पार्टीले गर्ने बताएका छन् । कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको र नेपाली कांग्रेस मधेश प्रदेश समितिको आयोजनामा शुक्रबारबाट वीरगंजमा शुरु भएको प्रदेश स्तरीय दुई दिने प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उपसभापति खड्काले कांग्रेसले समानुपातिक र समावेशितालाई थप बलियो बनाउन चाहेको बताए । त्यसका लागि सँविधान संशोधन कांग्रेसको नेतृत्वमा गर्नुपर्छ भनेर आफूहरूले भनिरहेको उनको भनाइ थियो । 'कांग्रेसले समानुपातिक र समावेशितालाई कांग्रेसले मानेन भनेर भ्रम छर्ने काम भइरहेको छ, त्यसलाई चिर्नु कांग्रेसले आफ्नो नेतृत्वमा संविधान संशोधनको प्रक्रिया अगाडि बढाउन लागिरहेको छ,' उपसभापति खड्काले भने, 'संशोधनमार्फत जातजाती, भाषभाषी, पिछडिएको क्षेत्र र भूगोलका अधिकारको विषयमा देखिएको गाठो फुकाउने नेतृत्व कांग्रेसले गर्नेछ ।' उनले कांग्रेसका बारेमा प्रचार भन्दा कुप्रचार बढी भइरहेको भन्दै त्यसलाई चिर्न केन्द्र र प्रदेशस्तरमा प्रशिक्षण कार्यक्रम गरिरहेको जानकारी दिए । कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानकोको प्रमुख समेत रहेका खड्काले अहिलेसम्म विभिन्न समयमा कांग्रेसले गरेका काम, कांग्रेसको नेतृत्वमा भएका उपलब्धीलाई प्रतिष्ठानले लिपीबद्ध गर्ने काम शुरु गरेको जानकारीसमेत दिए । कार्यक्रममा कांग्रेस मधेश प्रदेश सभापति कृष्ण यादवले मधेशमा कांग्रेसको पक्षमा जनमत बढ्दो रहेको बताए । उनले कांग्रेसलाई मधेश प्रदेशमा अझ सशक्त बनाउनका लागि प्रशिक्षण कार्यक्रमले सहयोग पुर्‍याउने बताए । शुक्रबार र शनिबार चल्ने प्रशिक्षण कार्यक्रममा प्रदेशका ८ जिल्लाका पार्टी र भ्रातृसंस्थाका प्रतिनिधि गरी दुई सय ८० जना बढीको सहभागीता रहने कांग्रेसको मधेश प्रदेशका प्रचार विभाग प्रमुख नितिषकुमार गुप्ताले जानकारी दिए । अहिलेको प्रशिक्षणमा भाग लिएकाहरूले प्रशिक्षणमा सिकेका विषयमा गाँउगाँउमा गएर प्रशिक्षण दिने कांग्रेसको मधेश प्रदेशका उपसभापति एवम् प्रशिक्षण विभाग प्रमुख चन्द्रशेखर प्रसाद यादवले जानकारी दिए ।

# धनुषाको चित्रपुरमा आजदेखि दोस्रो आँप मेला

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

धनुषाको बटेश्वर गाउँपालिका–१ चित्रपुरमा आजदेखि दुई दिवसीय 'चित्रपुर आँप मेला महोत्सव–२०८२' शुरु हुन लागेको छ । स्थानीय किसानहरूको पहलमा आयोजना गरिएको मेलाले कृषि, पर्यटन र बजार प्रवद्र्धनलाई एकसाथ जोड्ने प्रयास गरेको छ । चित्रपुर म्याङ्गो एग्रो टुरिज्म बोर्डको आयोजनामा भइरहेको मेलामा आँपका परिकारहरू अचार, अमोट, आमिल र जुस प्रदर्शनी राखिने आयोजक समिति सदस्य प्रदीप महतोले जानकारी दिए । चित्रपुरका अधिकांश किसानको जीविकोपार्जनको मुख्य आधार आँप खेती नै हो । यहाँ तीन सय विघाभन्दा बढी क्षेत्रमा फैलिएको आँप बगैंचाले क्षेत्रलाई 'म्याङ्गो पकेट' को रूपमा परिचित गराएको छ । स्थानीय सञ्चारकर्मी फुलगेन मगहीका अनुसार मेलामा आउने पर्यटकलाई निःशुल्क आँप खुवाउने, बगैंचामा घुमाउने, रुखबाट आँप छानेर टिप्ने अनुभव दिलाउने, साथै विद्यार्थीहरूलाई विभिन्न जातका आँप चिन्न सिकाउने कार्यक्रमसमेत राखिएको छ । रुचिअनुसार रुखबाटै ताजा आँप किनेर लैजान सकिने व्यवस्था पनि गरिएको छ । ढल्केबर वा जमुनिबासबाट झण्डै ४ किलोमिटरको दूरीमा रहेको चित्रपुर क्षेत्र मधेश प्रदेशमै सबैभन्दा बढी आँप उत्पादन हुने थलोका रूपमा परिचित छ । आयोजकका अनुसार यस मेला मार्फत चित्रपुरको कृषि उत्पादन र पर्यटन सम्भावनालाई राष्ट्रिय स्तरमा चिनाउने लक्ष्य लिइएको छ ।

# ३० हजार टन युरिया मल एक साताभित्र नेपाल भित्रिने

**मधेशदृष्टि**
**वीरगंज ।**

बर्खे धान बालीको मुख्य सिजनलाई ध्यानमा राख्दै सरकारले भारतसँग 'सरकार–सरकार' (जीटुजी) प्रक्रियामार्फत खरिद गरेको ३० हजार टन युरिया मल भारतको कोलकाता बन्दरगाहमा आइपुगेको छ । कृषि सामग्री कम्पनी मधेश प्रादेशिक कार्यालय वीरगंजका प्रमुख दुर्गाप्रसाद पाण्डेका अनुसार उक्त मल एक साताभित्र वीरगंज नाका हुँदै नेपाल भित्रिनेछ । हाल कोलकातामा मललाई बोरामा प्याकिङ गर्ने काम तीव्र गतिमा भइरहेको छ । भारत सरकारको ठेक्का पाएको आदित्य बिरला समूहले नेपालका लागि उक्त युरिया मलको ढुवानी गरिरहेको हो । ३० हजार टनको कन्साइन्मेन्टमध्ये हाल १६ हजार टन मात्र नेपाल भित्रिँदैछ ।

# स्रोत नखुलेको १० लाख रुपैयाँसहित एक जना पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**



रौतहट प्रहरीले स्रोत नखुलेको १० लाखभन्दा बढी नगदसहित गौर नगरपालिकाका एक व्यक्तिलाई पक्राउ गरेको छ । गौर नगरपालिका–१ स्थित भन्सार कार्यालय नजिकको सडकमा नियमित जाँचका क्रममा उनलाई नियन्त्रणमा लिइएको हो । पक्राउ पर्नेमा गौर–१ ट्रान्सफर्मर चोकका ३० वर्षीय मोहम्मद करमान रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका डीएसपी दीपककुमार रायले जानकारी दिए ।

भारतको बैरगनियाबाट नेपाल प्रवेश गर्दै गरेका करमानले चलाएको बीआर ०५ एई ७०५ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा सिट मुनि र हेल्मेटमा लुकाएर राखिएको अवस्थामा १० लाख ४ हजार ५ सय रुपैयाँ फेला परेको प्रहरीले जनाएको छ । स्रोत नखुलेको सो रकम अहिले थप अनुसन्धान तथा कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको डीएसपी रायले बताए । प्रहरीले भारत–नेपाल सीमावर्ती क्षेत्रमा हुण्डी तथा अवैध कारोबार रोक्न चेकजाँच अभियान तीव्र बनाएको जनाएको छ ।

# ट्याक्टर दुर्घटना हुँदा दुई किशोरको मृत्यु, एक घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिका–२८ स्थित बगहीमा शुक्रबार दिउँसो ट्याक्टर दुर्घटना हुँदा दुई किशोरको ज्यान गएको छ भने एक जना घाइते भएका छन् । अनियन्त्रित भएर ट्याक्टर सडकबाट करिब १५ फिट तल खसेको घटनामा १६ वर्षीय आकाश पटेल र १७ वर्षीय गोलु पटेलको च्यापिएर घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । दुर्घटनाका बेला ट्याक्टर भेडाहा खोलाबाट माटो बोकेर बगहीतर्फ जाँदै थियो । अत्यधिक गति रहेको ट्याक्टरमा नम्बर प्लेट समेत नभएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक सुवास भट्टले जानकारी दिए । घटनामा घाइते भएका जयकुमार मण्डलको वीरगंजस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ । डीएसपी भट्टका अनुसार दुर्घटनाबारे थप अनुसन्धान जारी रहेको छ ।


# बालविवाह
सामाजिक कुरीतिमात्रै नभई
जघन्य अपराध हो ।



"२० वर्ष नपुगी विवाह गर्नु गराउनु गैरकानुनी हो ।
बालविवाह कानूनी र सामाजिक दुबै अपराध हो ।
यस्तो विवाह गर्ने तथा गराउने दुबैलाई कानून बमोजिम सजाय हुन्छ ।"

- कानूनद्वारा तोकिएको उमेर भन्दा कम उमेरमा गरिएको विवाह बालविवाह हो ।
- नेपालको कानून अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले पनि कसैको विवाह गर्नु गराउनु हुँदैन । (मुलुकी अपराध संहिता २०७४)



बालविवाह किन गर्नु गराउनु हुँदैन ?
- बालअधिकारको हनन् हुन्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैलाई गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैको मृत्यु हुन सक्छ,
- बालिकाहरूमा फिस्टुला, पाठेघर खस्ने लगायतका गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- शिक्षा, रोजगारी लगायत विभिन्न अवसरहरुबाट वञ्चित हुन सक्छ,
- पारिवारिक, आर्थिक, सामाजिक परनिर्भरता बढ्ने हुन्छ,
- परिवार तथा समाजमा असमान शक्ति सम्बन्ध हुन सक्छ,
- घरेलु हिंसा र दुर्व्यवहारको जोखिम बढ्न सक्छ,
- मनोसामाजिक समस्याको उच्च जोखिम हुन सक्छ ।

बालविवाह विरुद्धको उजुरी गर्ने प्रक्रिया र निकाय के र कँहा हो ?
- आफुसँग भएसम्मको प्रमाण पुग्ने कागजात वा सूचना सहित नजिकको प्रहरी कार्यालयमा गई कानूनले तोके अनुसार उजुरी दरखास्त दिने,
- आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई बालविवाहको विरुद्धमा उजुरी वा जानकारी लिखित रुपमा वा मौखिक सूचना वा इमेल वा एसएमएस मार्फत नजिकको प्रहरी कार्यालयमा दिने,

बालविवाह विरुद्धको उजुरी प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा के गर्ने ?
- बालविवाह विरुद्धको उजुरी/जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेमा उक्त प्रहरी कार्यालयको माथिल्लो प्रहरी कार्यालय वा जिल्ला सरकारी वकिल कार्यालयमा उजुर गर्न सक्नेछ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५)
- प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय वा प्रहरीको माथिल्लो तहको प्रहरी कार्यालयले उजुरी लिन नमानेमा उजुरीको सबै व्यहोरा खुलाएर प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन पेस गर्न सकिन्छ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५(उपदफा ४)) ।

बालविवाह विरुद्ध उजुरी गर्ने हद म्याद कहिले सम्म हुन्छ ?
- बालविवाह सम्बन्धी कसूरको उजुरी कसूर भए गरेको थाहा पाएको मितिले तीन महिना भित्र गर्नु पर्दछ । (मुलुकी अपराध ( संहिता) ऐन, २०७४, परिच्छेद-७, दफा १७६)
- बालविवाह हुन लागेको देखेमा वा थाहा पाएमा तुरुन्त प्रहरी कार्यालयमा उजुरी गर्नु पर्दछ ।
- बालविवाहसँग सम्बन्धित सामाजिक कार्य जस्तैः जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र अरुलाई पनि सहभागी नहुन प्रोत्साहन गर्ने ।
- घरपरिवार, समुदाय, समाजमा सहमति विपरित वा उमेर नपुगी विवाहको बारेमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय तहलाई यस किसिमका अपराध रोकथामका लागि जिम्मेवार र जवाफदेही बनाउन पैरवीमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाह तथा सहमति विपरितको विवाह रोकथामका लागि नेपाल प्रहरी लगायत सम्बन्धित निकायहरुमा खवर गर्ने ।

बालविवाह गरे वा गराएमा के असर हुन्छ ?
- विवाह गर्ने उमेर नपुगी विवाह गर्दा बालबालिकामा विभिन्न किसिमका शारीरिक तथा मानसिक असर पर्छ ।

"बालविवाहको विरुद्धमा बोल्नु र त्यसको प्रतिकार गर्नु भनेको बालअधिकारको सुनिश्चित गर्नु हो ।
बालविवाहको विरुद्धमा डटेर आवाज उठाउनु हामी सबैको कर्तव्य हो ।"

जनहितमा जारी सन्देश
खेलकुद तथा समाज कल्याण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन